का.जि.प्र.का.द.नं. १००/०५२/५०
१० असोज २०८३
शनिबार
26 September 2026
Saturday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्नु

वर्ष २४, अंक २४७ । पृष्ठ ६ | Madhyanha National Daily | www.madhyanhadaily.com



काठमाडौंको वसन्तपुर डबलीमा शुक्रबार इन्द्रजात्राको अवलोकन गर्दै राष्ट्रपति रामचन्द्र पौडेल, उपराष्ट्रपति रामसहायप्रसाद यादव, राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहाल, कार्यवाहक प्रधानमन्त्री तथा अन्य विशिष्ट अतिथिहरू । **तस्बिर : प्रदीपराज वन्त/रासस**

# जलवायु न्यायका लागि विश्वमञ्चमा बालेन

प्रधानमन्त्री वालेन्द्र शाहले संयुक्त राष्ट्रसंघीय महासभामा भोटेकोशीको विपत्ति, जलवायु न्याय, युद्ध र विश्वशान्ति, साना तथा गरिब मुलुकको आवाज उठाए । उनको प्रश्न थियो, 'युद्धका लागि हतियार पुग्छ, किसानका लागि मल किन पुग्दैन ?'



**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ असोज

प्रधानमन्त्री वालेन्द्र शाहले जलवायु परिवर्तनमा नगण्य योगदान गर्ने नेपालजस्ता मुलुकले त्यसको सबैभन्दा ठुलो मूल्य चुकाइरहेको भन्दै जलवायु न्यायलाई प्रतिबद्धता र दस्ताबेजबाट व्यवहारमै उतार्न विश्व समुदायसँग आग्रह गरेका छन् ।

संयुक्त राष्ट्रसंघको ८१औं महासभालाई शुक्रबार बिहान सम्बोधन गर्दै शाहले नेपालमा आएको विनाशकारी बाढीलाई जलवायु संकटको गम्भीर संकेतका रूपमा प्रस्तुत गरे । साथै, विकसित तथा बढी उत्सर्जन गर्ने मुलुकले आफ्नो जिम्मेवारीअनुसार काम गर्नुपर्ने बताए । 'हामीले सुरु नगरेको जलवायु परिवर्तनबाट र हामीले सुरु नगरेको युद्धबाट हामी प्रताडित छौं,' उनले भने, 'यसले विश्वव्यापी सहयोगमा देखिनेभन्दा धेरै कुरा बिग्रिएका छन् भन्ने देखाउँछ ।'

करिब एक महिनाअघि नेपालका हिमाली क्षेत्रमा आएको बाढीलाई 'हिमालयको सुनामी'का रूपमा उल्लेख गर्दै उनले यो नेपालमा मात्र सीमित विपत्ति नभएको बताए । भोटेकोशी-त्रिशूली क्षेत्रमा भएको विनाशले हिमालयमा बढिरहेको जलवायु जोखिमलाई विश्वसामु देखाएको उनको भनाइ थियो । 'त्रिशूलीको यो विपत्ति एउटा स्थानीय त्रासदी थिएन । यो विश्वका लागि एउटा चेतावनी थियो,' उनले भने ।

नगण्य योगदान, असमान भार

नेपालले विश्वको कुल हरितगृह ग्यास उत्सर्जनमा ०.१ प्रतिशतभन्दा कम योगदान गरे पनि जलवायु परिवर्तनको ठुलो मूल्य चुकाइरहेको शाहले बताए । हिमनदी पछाडि हट्नु, पर्माफ्रोस्ट पग्लिनु, पहाडी ढलान अस्थिर हुनु तथा हिमपहिरो, बाढी र पहिरोको जोखिम बढ्नु जलवायु परिवर्तनका प्रत्यक्ष प्रभाव भएको उनले बताए । बाढीमा कम्तीमा १ हजार ४ सय जनाको मृत्यु र ६ हजारभन्दा बढी मानिस बेपत्ता भएको उल्लेख गर्दै उनले प्रारम्भिक मूल्यांकनअनुसार भौतिक पृष्ठ २ मा

जलवायु परिवर्तनले सीमा चिन्दैन । हिमनदी र बाढी पासपोर्ट र भिसा बोकेर हिँड्दैनन् ।

●●●

जलवायु न्याय संयुक्त राष्ट्रसंघका दस्ताबेजमा सुन्दर शब्द बनेर मात्र रहनु हुँदैन ।

●●●

हामी यस्तो विश्व बनाएका छौं, जहाँ युद्धका लागि आपूर्ति प्रणाली चुस्त छ, तर खाद्यान्नका लागि आपूर्ति प्रणाली भत्किएको छ ।

●●●

नेपालले सुरु नगरेको जलवायु संकट र नेपालले सुरु नगरेको युद्धको असर एकसाथ भोगिरहेको छ ।

●●●

जब संसारको सर्वोच्च शिखरबाट अर्को चेतावनी आउँछ, त्यसबेला हामी सुन्न र तत्काल कदम चाल्न तयार हुनुपर्छ ।

●●●



## ३४ वर्षदेखि अतिक्रमित जग्गा

# रोक्का भयो, फिर्ता अनिश्चित

● **जीवन शर्मा/मध्यान्ह**

रावल आयोगको प्रतिवेदनले काठमाडौंमा १ हजार ८५९ रोपनी सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमणमा परेको देखाएको ३४ वर्ष भयो । जग्गा रोक्का पनि छ, तर सरकारीकरणको प्रक्रिया अघि बढ्न सकेको छैन । आयोगका सुझाव, सर्वोच्चको आदेश र मन्त्रिपरिषद्का निर्णयपछि पनि कार्यान्वयन सुस्त हुँदा अतिक्रमित जग्गा फिर्ताको अभियान फेरि अलपत्र पर्ने आशंका बढाएको छ ।

काठमाडौं महानगरपालिकाभित्र अतिक्रमणमा परेको १ हजार ८५९ रोपनी जग्गा रोक्का छ । गत जेठ २९ गतेको मन्त्रिपरिषद्को निर्णयअनुसार निजीकरण भएका सरकारी जग्गा सरकारले रोक्का राखेको हो । भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले भूमि व्यवस्थापन तथा अभिलेख विभाग र नापी विभागमार्फत रोक्का गरिएको जग्गा सरकारीकरण भने गर्न सकेको छैन ।

सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण बढेपछि ३४ वर्षअघि 'सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवं संरक्षणसम्बन्धी उच्चस्तरीय आयोग' गठन भएको थियो । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले २०४९ पुस १६ गते पूर्वसचिव रामबहादुर रावलको अध्यक्षतामा आयोग गठन गरेको थियो । आयोगले करिब ३० महिना लगाएर प्रतिवेदन तयार गरी २०५२मै सरकारलाई बुझाएको थियो ।

व्यक्ति वा संस्थामार्फत निजीकरण गरिएको सरकारी जग्गा फिर्ता गर्नुपर्ने विस्तृत सुझाव प्रतिवेदनमा थियो । तर, तीन दशकभन्दा बढी समय बित्दा पनि उक्त प्रतिवेदन पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन । प्रतिवेदन कार्यान्वयनमा नआउनु राज्य सञ्चालन गर्ने निकायहरूको कमजोरीका रूपमा देखिएको छ ।

रावल आयोगको प्रतिवेदनअनुसार काठमाडौंमा मात्रै ५ हजार १४ व्यक्ति तथा संस्थाले १ हजार ८५९ रोपनी सरकारी जग्गा अतिक्रमण गरेका छन् । काठमाडौं महानगर क्षेत्रमा मात्रै १८ हजार ९४१ रोपनीभन्दा बढी सार्वजनिक तथा सरकारी जग्गा थियो । त्यसमध्ये करिब १० प्रतिशत जग्गा अतिक्रमणमा परेको तथ्यांकमा उल्लेख छ ।

व्यक्तिका नाममा बनाइएका सरकारी जग्गा फिर्ता गर्ने विषय बहुदल प्राप्तिपछि नेपाली कांग्रेस नेतृत्वको सरकारको मुख्य एजेन्डा थियो । सरकारको नेतृत्व गिरिजाप्रसाद कोइरालाले गरेका थिए । तर, बिस्तारै सरकार पुरानो हुँदै गयो, मुलुक मध्यावधितिर गयो । सत्तामा बिचौलियाहरूको घेराबन्दीसँगै उक्त एजेन्डा पनि बिबस्तारै सेलाउँदै गयो । विस्तृत अध्ययनपछि आयोगले बुझाएको सरकारी जग्गा फिर्तासम्बन्धी प्रतिवेदन पछिल्ला सरकारहरूले गोप्य राख्दै आए ।

२०७६ मै खोज पत्रकारिता केन्द्रले जग्गा मिच्नेहरूको विवरण सार्वजनिक गरेको थियो । सूचनाको हक प्रयोग गरेर सार्वजनिक गरिएको उक्त प्रतिवेदनको विवरणअनुसार सहरी पृष्ठ २ मा



पुराना कित्ताबाट ३८ हजार भन्दाबढी नयाँ कित्ताकाट भएका कारण कुन-कति जग्गा सरकारी अधिग्रहण हुने भन्ने अझै एकिन हुन सकेको छैन ।

■ **श्रीकृष्ण गिरी**
**सूचना अधिकारी, भूमि व्यवस्था मन्त्रालय**



नीजिकरण भएका सरकारी जग्गा फिर्ताको प्रक्रियामै छ । रोक्का राखिएकामध्ये कुन कित्ता, कति क्षेत्रफल र कुन व्यक्ति वा संस्थासँग गएको भन्ने एकिन गर्न नापीसँग विस्तृत विवरण मागेका छौं ।

■ **काजीबहादुर बिष्ट**
**महानिर्देशक, भूमि प्रशासन कार्यालय डिल्लीबजार**

## कहाँ-कति छ अतिक्रमित जग्गा ?

आयोगले सरकारी तथा सार्वजनिक जग्गामा निजी जग्गा घुसाएर लालपुर्जा बनाएको र प्रत्यक्ष रूपमा सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण गरेको भनेर छुट्टाछुट्टै विवरण तयार पारेको छ ।

प्रतिवेदनअनुसार १ हजार १८७ जनाले ३०८ कित्ता सरकारी तथा सार्वजनिक जग्गा निजी प्रयोजनका लागि उपयोग गरिरहेका छन् । त्यस्तै ६ हजार ९०६ जनाले १ हजार ७६२ कित्ता सरकारी तथा सार्वजनिक जग्गा आफ्नो नाममा घुसाएर जग्गाधनी पुर्जा बनाएका थिए । यसरी ८ हजार ९३ जनामार्फत २ हजार ७० कित्ता सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण भएको तथ्य प्रतिवेदनमा उल्लेख छ ।

काठमाडौंका ३५ वटा वडामा सरकारी जग्गा अतिक्रमण भएको देखिन्छ । काठमाडौं महानगरपालिकाका ३० वटै वडा, कलंकी मालपोत क्षेत्रमा पर्ने ३ वटा वडा र चाबहिल मालपोतको कार्यक्षेत्रमा पर्ने २ वटा वडामा सार्वजनिक जग्गा मिचिएको छ । मालपोत कार्यालय काठमाडौंका अनुसार कमलपोखरीको कित्ता नं. ४०४१ को १५ आना १ पैसा ३ दाम पदमकुमारी गुरुङ र कित्ता नं. ४०४ को २ रोपनी १० आना पृष्ठ २ मा

## जग्गा सरकारीकरण गर्न कहिले के गरियो ?

रावल आयोगको प्रतिवेदन पेस भएसँगै २०५२ पुस ६ मा मन्त्रिपरिषद् बैठकले अतिक्रमण भएको सार्वजनिक जग्गा छानबिन गरी आवश्यक प्रक्रिया अघि बढाउन काठमाडौंका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा समिति गठन गऱ्यो । तर, त्यो समितिले कुनै कामै गरेन ।

लगत्तै मालपोत विभागका उपनिर्देशकको अध्यक्षतामा अर्को समिति गठन भयो । उक्त समितिलाई साना टुक्राटाक्री तथा घर, पर्खाल भएका जग्गा वातावरण र स्थानीय समुदायलाई असर नपर्ने गरी प्रचलित मूल्य लिई बिक्री गर्न, बहालमा दिन अथवा भत्काउन सिफारिस गर्ने जिम्मेवारी दिइएको थियो । तर, समितिले यी कुनै पनि काम नगरेको देखिन्छ ।

सरकारले आयोगको प्रतिवेदन सार्वजनिक नगरेपछि सार्वजनिक सरोकारका मुद्दामा सक्रिय वरिष्ठ अधिवक्ता प्रकाशमणि शर्मासहितले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई २०६० सालमा सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । उक्त रिटमाथि सुनुवाइ हुँदा २०६७ साल जेठ १२ मा पृष्ठ २ मा

# पश्चिम सऱ्यो मनसुन

अविरल वर्षासँगै सडक र यातायातमा जोखिम बढेपछि सरकारले उच्च सतर्कता अपनाएको छ । नारायणगढ-मुग्लिन र पृथ्वी राजमार्ग पूर्ण अवरुद्ध छन् भने सुदूरपश्चिममा लामो दूरीका बस बन्द गरिएको छ । जोखिमअनुसार रातो क्षेत्रमा पूर्ण सवारी बन्द, सुन्तला क्षेत्रमा राति बन्द र पहेँलो क्षेत्रमा सतर्क रहन निर्देशन दिइएको छ ।



बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# नेपाली महावाणिज्यदूतावास दुबईद्वारा राहदानी डेलिभरी सेवा सुरु

**निशान्त पाठक/मध्यान्ह**
दुबई, युएई, ९ असोज

संयुक्त अरब इमिरेट्स (युएई)को दुबईस्थित नेपाली महावाणिज्यदूतावासले नयाँ राहदानी श्रमिकको कार्यस्थलमा पुऱ्याउने व्यवस्था सुरु गरेको छ । यसले राहदानीका लागि पटकपटक नेपाली दूतावास धाउनुपर्ने बाध्यता हट्ने अपेक्षा गरिएको छ ।

महावाणिज्यदूतावासले एक सूचना जारी गर्दै आवेदन दिएका सेवाग्राहीलाई हुलाकमार्फत राहदानी डेलिभरीको सुविधा उपलब्ध गराउने बताएको छ । नेपालबाट तयार भएर आएको राहदानी लिनका लागि मात्र नेपाली दूतावास वा महावाणिज्यदूतावास जान समय नमिल्ने तथा यात्रा गर्दा खर्च बढी हुने भएकाले पृष्ठ २ मा

## राहदानी डेलिभरी श्रमिकको हितमा : महावाणिज्यदूत ओडारी

**दुबई, युएई/मस-** संयुक्त अरब इमिरेट्स (युएई)को दुबईस्थित नेपाली महावाणिज्यदूत हरिप्रसाद ओडारीले सेप्टेम्बर २४ शुक्रबारबाट नवीकरणका लागि आवेदन दिएका सेवाग्राहीलाई हुलाकमार्फत राहदानी डेलिभरीको सुविधा पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com



# पश्चिम सर्‍यो मनसुन, जनजीवन कष्टकर

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, ९ असोज



बंगालको खाडीमा विकसित न्यूनचापीय प्रणालीको प्रभावले देशका अधिकांश भूभागमा वर्षा भइरहेको छ । काठमाडौं उपत्यकासहित देशका अधिकांश भूभागमा बिहीबारदेखि भइरहेको अविरल वर्षाका कारण जनजीवन प्रभावित भएको छ ।

उपत्यकाका मुख्य नदी तथा खोलाहरूमा पानीको सतह तीव्र गतिमा बढ्दै गएको छ भने प्रमुख स्थानहरूमा सतर्कता र खतराको सीमा पार भइसकेको जल तथा मौसम विज्ञान विभाग, बाढी पूर्वानुमान महाशाखाले जनाएको छ । पछिल्ला दुई दिनदेखि विभिन्न स्थानमा लगातार वर्षा भइरहेको र कतिपय क्षेत्रमा भारीदेखि धेरै भारी वर्षा भएकाले बाढी तथा पहिरोको जोखिम बढेको छ ।

देशभरका स्थानीय तहहरूले बुधबारदेखि विद्यालय बन्द गरेका छन् । बाढी-पहिरोको क्षतिलाई कम गर्न अत्यावश्यकबाहेकका सवारी आवत-जावतमा रोक लगाइएको छ भने प्रहरीले नदी किनारमा रेकी गर्दै सर्तकर्ताका लागि सूचना प्रवाह गर्दै आएका छन् ।

वर्षाका कारण नारायणी नदीको बाढी पसेर सुस्ताका ७८ घर डुबानमा परेका छन् । स्थानीय रवीन्द्र जयसवालका अनुसार शुक्रबार साँझ ५ बजेतिर नारायणीको बाढी पसेर त्यहाँको थारुटोलाका सबै घर डुबेका हुन् । गत वर्ष नारायणीमा गरिएको तटबन्धनभन्दा पूर्वतर्फबाट नारायणी नदी थारुटोला गाउँमा पसेको हो । बाढी गाउँमा पसेपछि स्थानीय, सशस्त्र प्रहरी र नेपाल प्रहरीको टोली उद्धारमा खटिएका छन् । सुस्तामा एक दशक अघि गैरसरकारी संस्थाले बनाएको आवास घरहरु डुबानमा परेका परिवारलाई सार्ने काम सुरु गरिएको छ ।

जलमापन केन्द्रका अनुसार यहाँ शुक्रबार साँझ ५ बजे नारायणी नदीमा पानीको सतह ५ दशमलव ७८ मिटरमाथिसम्म पुगेको छ । ७ मिटरभन्दा माथि पानीको सतह पुगे चेतावनी तह पार गरेको भन्ने संकेत गर्दछ । डुबानमा परेको परिवारलाई होल्डिङ सेन्टरमा सारिएको छ । सशस्त्र प्रहरी सीमा सुरक्षा बल सुस्ताका अनुसार २४ घर परिवारलाई बढकी टोलामा रहेको होल्डिङ सेन्टरमा सारिएको छ ।

गुल्मीको कालिगण्डकी गाउँपालिकाको पातिखोलामा सडक अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय गुल्मीले जनाएको छ । त्यस्तै, वर्षाका कारण बागलुङ हुँदै बगेर आउने बडिगाड खोलामा पानीको सहत बढेको छ । त्यस्तै, पनौती नगरपालिका-८ बन्जारा गाउँमा दुई कच्ची घर भत्किएका छन् । उता, कञ्चनपुरको दोधारा चाँदनी नगरपालिका-३ पटेरा खल्लामा बाढीको जोखिममा रहेका १४ परिवारलाई सुरक्षित स्थानमा सारिएको छ । जनप्रतिनिधि र सुरक्षाकर्मीको सहयोगमा उनीहरूसँगै खाद्यान्न, लुगा-कपडालगायत सामग्री सुरक्षित स्थानमा सारिएको दोधारा चाँदनी-३ का वडाध्यक्ष हरिसिंह धनाडीले जानकारी दिए ।

आइतबारसम्म देशभर वर्षा हुने, गण्डकी र लुम्बिनीका केही स्थानमा अति भारी वर्षा तथा हिमाली क्षेत्रमा हिमपातको सम्भावना छ । यसले पहिरो, आकस्मिक बाढी, डुबान र यातायातमा अवरोधको जोखिम बढाएको छ । छत्तीसगढ आसपास सक्रिय प्रणाली उत्तर-उत्तर-पश्चिमतर्फ सर्दै क्रमशः कमजोर हुने क्रममा छ । यसको प्रभाव आगामी दुई-तीन दिन रहने र त्यसपछि नेपालमा वर्षा क्रमशः घट्दै जाने अनुमान गरिएको छ ।

नेपाल मौसम विज्ञान विभागका मौसमविद् मौसम पूर्वानुमान महाशाखाका मौसमविद् मीनकुमार अर्यालका अनुसार पछिल्लो २४ घण्टामा कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका अधिकांश स्थानमा भारी तथा केही स्थानमा भारी वर्षा भएको छ । हाल न्यूनचापीय प्रणाली भारतको छत्तीसगढ र आसपासको क्षेत्रमा अवस्थित रहेको र क्रमशः नेपालतर्फ सर्दै जाने र त्यसको प्रभाव पश्चिमी भूभागतर्फ सर्दै जानेछ । शुक्रबार र शनिबार विशेषगरी बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा वर्षाको गतिविधि बढी हुने देखिएको छ, पूर्वी क्षेत्रमा भने क्रमशः वर्षा घट्दै जाने र मौसममा सुधार आउने सम्भावना रहेको उनले बताए ।

शनिबारसम्म न्यूनचापीय प्रणालीको प्रभाव पश्चिमतर्फ सर्दै जाने र लुम्बिनी तथा सुदूरपश्चिम प्रदेशका क्षेत्रमा वर्षाको गतिविधि बढ्न सक्ने पूर्वानुमान रहेको उनले बताए । असोज ११ गते आइतबार पूर्वी क्षेत्रमा मौसममा सुधार आउने देखिए पनि पश्चिमी क्षेत्रमा प्रणालीको प्रभाव कायम रहनेछ । असोज १२ गतेदेखि देशभर मौसम क्रमशः सुधार हुने तथा असोज १३ गतेदेखि वर्षाको प्रभाव अझ कम हुने सम्भावना रहेको विभागको पूर्वानुमान छ । मौसम प्रणाली निरन्तर परिवर्तन हुनसक्ने भएकाले विभागले यसको निगरानी गरिरहेको र आवश्यकताअनुसार पूर्वानुमान तथा चेतावनी अद्यावधिक गर्दै जाने अर्यालको भनाइ छ । विपद् व्यवस्थापन विज्ञहरूले पहाडी भेगमा पहिरो र उपत्यका तथा तराईका होचा भू-भागमा आकस्मिक बाढी आउन सक्ने चेतावनी दिँदै यात्रा गर्दा विशेष सावधानी अपनाउन र आपत्कालीन सम्पर्क नम्बरहरू साथमा राख्न सुझाव दिएका छन् ।

**सुदूरपश्चिममा लामो दूरीका बस सेवा बन्द**

सुदूरपश्चिमका विभिन्न पहाडी जिल्लाबाट धनगढी आउने तथा धनगढी हुँदै अन्यत्र जाने लामो दूरीका सार्वजनिक बस सेवा प्रभावित भएका छन् । वर्षा, बाढी तथा पहिरोको जोखिमका कारण यातायात व्यवसायीले लामो दूरीका बस सञ्चालनमा रोक लगाएपछि यात्रु समस्यामा परेका छन् । शुक्रबारदेखि आइतबारसम्मका लागि विभिन्न यातायात समितिले लामो दूरीका बस सञ्चालन नगर्ने निर्णय गरेका हुन् । सुदूरपश्चिमका पहाडी क्षेत्रबाट काठमाडौं, पोखरा लगायत पूर्वतर्फ जाने लामो दूरीका बससमेत तत्काल सञ्चालन नगर्ने निर्णय गरिएको छ । लामो दूरीका बस सेवा बन्द भएपछि यात्रु छोटो दूरीमा सञ्चालन हुने सवारीसाधनमार्फत गन्तव्यतर्फ जानुपर्ने बाध्यतामा छन् । कतिपय रुटमा छोटो दूरीका सवारीसाधनसमेत पर्याप्त नहुँदा यात्रुले थप सास्ती खेप्नुपरेको बताएका छन् ।

**कोशीमा 'रेड अलर्ट', ब्यारेजका ३१ ढोका खोलियो**

कोशी ब्यारेजमा पानीको बहाब बढेसँगै ३१ वटा ढोका खोलिएको छ । अहिले ब्यारेज 'रेड अलर्ट'को अवस्थामा रहेको प्रमुख जिल्ला अधिकारी (सिडिओ) ईश्वरीप्रसाद अर्यालले जानकारी दिए । उनका अनुसार, अहिले कोशी ब्यारेजमा २ लाख ४० हजार क्युसेक बाढी मापन भएको छ । यद्यपि अघिल्लो वर्ष कोशीमा ५ लाख क्युसेकमाथि बाढी मापन भएको थियो । कोशी ब्यारेजमा अहिले रेड अलर्टको अवस्था छ । अघिल्ला वर्षहरूमा ५ लाख क्युसेकसम्म बाढी मापन भएको थियो । बाढीको मापन बढ्यो भने आवश्यकताअनुसार निर्णय भने अर्यालले बताए । मौसम विज्ञान विभागले सप्तकोशीमा बाढी बढ्दो क्रममा रहेकाले तल्लो तटीय तथा डुबान भइरहने क्षेत्रहरूमा पर्सिसम्म उच्च सतर्कता अपनाउन अनुरोध गरेको छ ।

**नारायणगढ-मुग्लिन सडक र पृथ्वी राजमार्ग पूर्ण अवरुद्ध**

अविरल वर्षाका कारण नारायणगढ-मुग्लिन सडक र पृथ्वी राजमार्गअन्तर्गत चितवन तथा धादिङका विभिन्न स्थानमा पहिरो खस्दा सडक पूर्ण रूपमा अवरुद्ध भएको छ । नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय रामनगरका प्रमुख प्रहरी उपरीक्षक डिल्लीनारायण पाण्डेका अनुसार राजमार्गका विभिन्न स्थानमा लगातार साना-ठुला पहिरो खसिरहेकाले तत्काल सडक सञ्चालनमा ल्याउन सकिने अवस्था छैन । निरन्तर वर्षा भइरहेका कारण पहिरो झर्ने र ढुंगा खस्नेक्रम जारी रहेको उनले बताए ।

यस्तै, इच्छाकामना गाउँपालिका-५ सिमलधारामा माथिबाट पहिरो खस्दा दुवैतर्फको सडक अवरुद्ध भएको छ । इच्छाकामना-५ कै तुइनखोला र नाम्सीखोलामा माथिबाट ढंगा तथा पहिरो खसेपछि सडक अवरुद्ध भएको प्रहरीले जनाएको छ । नारायणगढ-मुग्लिन सडकखण्डअन्तर्गत तुइनखोला, नाम्से पुल, १५ किलो र १७ किलोमा पनि सामान्य ढुंगामाटो खसेको प्रहरीले जनाएको छ । पृथ्वी राजमार्गअन्तर्गत धादिङको रोराङ गाउँपालिका-७ कृष्णभिर र ज्यामिरेघाटमा माथिबाट पहिरो खस्दा दुवैतर्फको सडक अवरुद्ध भएको छ । गजुरी गाउँपालिका-६ जरेखेत र थाक्रे गाउँपालिका-२ कमेरेभिरमा पनि पहिरोका कारण सडक प्रभावित भएका छन् । कृष्णभिर, सिमलधारा, धारापानी, नाम्सीखोला र तुइनखोलामा सडकमा खसेको पहिरो हटाउने काम जारी छ । तर निरन्तर वर्षा भइरहेकाले धेरै स्थानमा पहिरो खस्ने क्रम नरोकिएकाले तत्काल सडक सञ्चालनमा आउने अवस्था नरहेको प्रहरी उपरीक्षक पाण्डेको भनाइ छ ।

बिहीबारदेखि जोखिम बढेपछि नारायणगढ-मुग्लिन सडक र पृथ्वी राजमार्गमा सवारीसाधन सञ्चालनमा रोक लगाइएको छ । कृष्णभिरमा सडकको नदीतर्फको ग्याबिन झरेको छ । नागढुंगा-मुग्लिङ सडक योजना (पश्चिम खण्ड) प्रमुख सजना अधिकारीका अनुसार सडकको माथिल्लो भागमा खोलिएको नयाँ ट्र्याक हाल सञ्चालनमा रहेको सडकमा भने कुनै समस्या देखिएको छैन । लगातार वर्षा भइरहेकाले थप क्षति हुनसक्ने अवस्थालाई मध्यनजर यातायात सञ्चालनमा रोक लगाएको उनले बताए ।

कृष्णभिर क्षेत्रमा साना-साना पहिरो खस्ने क्रम रहेकाले अहिले सडकमा यातायात सञ्चालन गर्न सकिने अवस्था नरहेको उनले बताए । वर्षाका कारण सडकको अवस्थाबारे प्राविधिक टोलीले निरन्तर अनुगमन गरिएको छ ।

**रोक्का...**

क्षेत्रका बहुमूल्य सार्वजनिक तथा सरकारी जग्गा मिचिएको देखिएको थियो । मुख्यतः चाबहिल, बौद्ध, बत्तीसपुतली, थापाथली, बानेश्वर, कोटेश्वर, हाँडीगाउँ र बूढानीलकण्ठ क्षेत्रमा धेरै जग्गा मिचिएको थियो । पोखरी, मन्दिर, खोला, कुवा, ढुंगेधारा, गुठीको जग्गा, घर, सार्वजनिक पेटी र बाटोसमेत मिचिएको देखिएको थियो । २०६७ मा विशेष अदालतका पूर्वअध्यक्ष मोहनरमण भट्टराईको नेतृत्वमा सरकारी तथा गुठीका जग्गा अतिक्रमणसम्बन्धी छानबिन समिति गठन गरिएको थियो । उक्त समितिले कुनै काम गरेको देखिँदैन ।

त्यसयताका सरकारले यो प्रकरणमा खासै चासो देखाएनन् । सरकारी जग्गा हडपेर निजीकरण गर्ने संस्था र व्यक्तिहरूको जग्गा फिर्ता गर्न पछिल्लोपटक रास्वपा नेतृत्वको सरकारले कदम चालेको छ ।

करिब दुईतिहाइ बहुमतप्राप्त राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता वालेन्द्र शाह नेतृत्वको सरकार गठन भएपछि यो मुद्दाले पुनः स्थान पाएको हो । २०८३ जेठ २९ गतेको मन्त्रिपरिषद् बैठकले २०५२ सालमा तत्कालीन सरकारले बुझेको रावल आयोगको प्रतिवेदन कार्यान्वयनमा लैजाने निर्णय गर्‍यो ।

मन्त्रिपरिषद्‌को निर्णयलगत्तै भूमि व्यवस्थामन्त्री प्रतिभा रावलले भनेकी थिइन्, 'कुनै बहाना नगरी रावल आयोगको प्रतिवेदन कार्यान्वयनमा जान्छ । मन्त्रालयले काम थालिसकेको छ । सबै सरोकारवालासँग आवश्यक समन्वय गरी अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गा संरक्षण गरिनेछ, केही सातामै नतिजा देखिन्छ ।'

केही मालपोत कार्यालयले रावल आयोगमा उल्लेख भएको जग्गा भनेर स्रेस्तामै उल्लेख गरेको र केहीको खोजी गर्नुपर्ने चुनौती रावलले देखेकी थिइन् । रावल आयोगको मात्र नभई जग्गासम्बन्धी सबै आयोगका प्रतिवेदन कार्यान्वयन हुने उनको दाबी थियो । आयोगको प्रतिवेदन कार्यान्वयनका लागि सर्वोच्च अदालतबाट सरकारका नाममा निर्देशनात्मक आदेशसमेत जारी भएको थियो । अदालतको आदेशका आधारमा देशभर रहेका सरकारी तथा सार्वजनिक जग्गाको व्यवस्थित अभिलेख (लगत) राखी त्यस्ता जग्गाको संरक्षण गर्ने निर्णयसमेत मन्त्रिपरिषद् बैठकले गरेको छ ।

मन्त्रालयले प्रतिवेदनमा समावेश अतिक्रमित जग्गा कुनै पनि व्यक्तिको नाममा किनबेच, नामसारी वा अन्य कुनै माध्यमबाट हक हस्तान्तरण हुन नपाउने गरी रोक्का राखेको बताएको छ । आयोगको प्रतिवेदनमा उल्लेखित जग्गाहरू मन्त्रालयले रोक्का राखेर सम्बन्धित निकायलाई विस्तृत अध्ययन गरी आवश्यक कार्यान्वयनका लागि पत्राचार गरेको मन्त्रालयका सूचना अधिकारी श्रीकृष्ण गिरीले बताए ।

**कहाँ-कति...**

१ पैसा १ दाम जग्गा मणिरत्न गुरुङको नाममा रहेको देखिन्छ । त्यस्तै, कित्ता नं. १३४० को ४ आना सीता तामाङको नाममा र कित्ता नं. १८५१ को जग्गा कृष्णमाया भन्ने व्यक्तिको नाममा दर्ता छ । कमलपोखरीकै कित्ता नम्बर १८५० र ३६८ मा १२ आना जग्गा मिचिएको देखिएको, तर मिच्ने व्यक्तिको नाम उल्लेख नभएको प्रतिवेदनमा उल्लेख छ ।

नागपोखरीमा पर्ने कित्ता नम्बर ४५२ को १० आना १ पैसा जग्गा श्यामकुमार गिरी र श्याम श्रेष्ठ भन्ने व्यक्तिका नाममा कायम भएको छ ।

सेतो दरबारको मूलढोकासमेत अतिक्रमणमा परेको छ । सेतो दरबारको कित्ता नं. ७६२ को २ पैसा २ दाम जग्गा देवेन्द्रशमशेर जबराले र कित्ता नं. १०२ को १ आना ३ दाम भिक्षुरत्न शाक्यले आफ्नो नाममा दर्ता गरेको देखिन्छ ।

जग्गा अतिक्रमण गर्नेमा सांग्रिला होटलसमेत परेको छ । कित्ता नं. १४४ को १ रोपनी १४ आना १ पैसा जग्गामध्ये सांग्रिला होटलले कम्पाउन्ड लगाएको ७ आना छ भने बाँकी जग्गामा अहिले सडक छ ।

होटल काठमाडौंले पनि ८ आना जग्गा मिचेको प्रतिवेदनमा देखिन्छ । कित्ता नं. १ को ३ रोपनी ९ आना सार्वजनिक जग्गामा होटल काठमाडौंले ८ आना जग्गा मिचेर होटल सञ्चालन गरेको र बाँकी जग्गामा कान्ति संस्कृति केन्द्र महाराजगन्जले भवन निर्माण गरी भाडामा दिएको देखिन्छ । च्याम्पियन फुट वेयर नामक कम्पनीले पनि सार्वजनिक जग्गा मिचेको देखिन्छ । प्रतिवेदनअनुसार सो कम्पनीले ११ रोपनी १३ आना जग्गा मिचेको छ ।

त्यस्तै स्वयम्भू, डल्लुको देवस्थलसमेत अतिक्रमणमा परेको छ । त्यहाँको कित्ता नं. १ को चौरमा कान्छी, भाइकाजी र सिद्धिमान महर्जनले ५ आना १ पैसा १ दाम जग्गामा तीनवटा पक्की घर बनाएको र अर्को ३ आना जग्गामा टहरा बनाएर भाडामा लगाएको आयोगको प्रतिवेदनमा उल्लेख छ ।

सँगैको सार्वजनिक जग्गामध्ये १ रोपनी ८ आनामा दोर्जे लामा र चुन्दरी लामाले पक्की घर बनाएको प्रतिवेदनमा उल्लेख छ ।

स्वयम्भूस्थित कित्ता नं. ७२६ को २ सय ५२ रोपनी ४ आना जग्गामा कसैले घर, कसैले कम्पाउन्ड, कसैले करेसाबारी, कसैले पानी ट्यांकी बनाएर अतिक्रमण गरेका छन् । त्यस्तै, कित्ता नं. १८ को ११ रोपनी ७ आना जग्गामा दुईवटा पक्की घर बनाएर भोगचलन भइरहेको प्रतिवेदनमा उल्लेख छ ।

यता, पुतलीसडकबाट कुमारी हलतिर जाँदा बाटोमा पर्ने धोबीधारा पनि मिचिएको प्रतिवेदनले देखाउँछ । 'परापूर्वकालदेखि सार्वजनिक रूपमा प्रयोग भइरहेको कित्ता नं. ११५ को १ आना १ पैसा १ दाम जग्गामा रहेको पुतलीसडकबाट कुमारी हलतिर जाँदा बाटोको दायाँतिर पर्ने प्रचलित धोबीधारा ३ मंसीर २०३७ को निर्णयअनुसार लोकबहादुर धोबी, भोला धोबी, बुद्धिबहादुर धोबीको नाममा दर्ता भएको देखिन्छ,' प्रतिवेदनमा उल्लेख छ ।

कार्यान्वयनमा अझै आशंका

अतिक्रमित सरकारी जग्गा अधिग्रहण गर्ने सरकारको निर्णय कार्यान्वयनको क्रममा रहेको दाबी सरकारी पक्षको छ । तर केही हप्तामै परिणाम निकाल्ने मन्त्री रावलको प्रतिबद्धता साढे तीन महिनामा समेत पूरा हुन सकेको छैन ।

सरकारी निकायहरूबीच तादम्यता नमिल्दा यसको पूर्ण कार्यान्वयनमा अझै आशंका कायमै छ । राज्यका ठुला ओहोदामा पुगेका व्यक्ति, उनीहरूबाटै सञ्चालित संस्था, व्यापारी र बिचौलियाहरूबाटै सरकारी जमिन अतिक्रमण भएको छ । वर्तमान सरकारका लागि समेत यो काम चुनौतीपूर्ण देखिएको विज्ञहरू बताउँछन् ।

मन्त्रालय र मन्त्रालयमातहत रहेका भूमि व्यवस्था तथा अभिलेख विभाग, मालपोत र नापी विभागले काम गरिरहेको दाबी गरे पनि यी निकायबीच समन्वय भएको देखिँदैन । जग्गा फिर्ताको विषयमा के भइरहेको छ भन्ने सूचना दिने विषयमा समेत मन्त्रालयले भूमि व्यवस्था तथा अभिलेख विभागलाई, विभागले मन्त्रालयलाई, नापी विभागलाई र नापी विभागले मालपोतलाई देखाएर पन्छिने काम भइरहेको छ ।

एकल बहुमत प्राप्त रास्वपा नेतृत्वको नयाँ सरकारले पुनः ब्युँताएको सरकारी जग्गा फिर्ताको एजेन्डा कार्यान्वयनमा ढिलाइ हुँदै जाँदा विगतको सरकारजस्तै रावल आयोगको प्रतिवेदन पुनः थन्किने सम्भावना त्यत्तिकै छ । यद्यपि भूमि प्रशासन कार्यालय डिल्लिबजारले केही काम अघि बढाएको बतायो । मन्त्रिपरिषद्‌को निर्णय भएको साढे तीन महिना भइसक्दा समेत मातहत कार्यालयहरू जग्गाको विवरण संकलनमै अल्झिएका छन् ।

काठमाडौं महानगरपालिका भित्र पर्ने ३० वटै वडाका जग्गा अतिक्रमण भएकाले त्यसको कित्तासहितका विस्तृत विवरण संकलन कार्य भइरहेको भूमि प्रशासन कार्यालय डिल्लिबजारका महानिर्देशक काजीबहादुर विष्टले बताए । 'हामी रेकर्डहरू संकलन कार्यमै छौं,' उनले मध्यान्हसँग भने, 'डिल्लिबजार क्षेत्रले हेर्ने ३० वटा वडा हुन् । रोक्का राखिएका जग्गामध्ये कुन कित्ता, कति क्षेत्रफल र कुन व्यक्ति वा संस्थासँग गएको भन्ने यकिन गर्न नापी कार्यालयबाट विस्तृत विवरण मगाउने काम भइरहेको छ । निजीकरण भएका सरकारी जग्गाको विस्तृत तथ्यांक आएपछि फिर्ताको प्रक्रिया अघि बढ्छ ।'

कोही व्यक्तिको जग्गा सरकारी भइदियो भने त्यो फिर्ता हुन समस्या हुने भएकाले राम्रोसँग केलाउनुपर्ने उनको दाबी छ । मन्त्रिपरिषद् बैठकको निर्णय कार्यान्वयनको क्रममा सरकारीकरण गर्ने प्रयोजनका लागि रोक्का राखिएका जग्गाका सँधियार र बैंकहरू मारमा परेका छन् । व्यक्तिले धितो राखेर कर्जा लिएका उक्त जग्गाहरू सरकारले डबल रोक्का गरिदिएपछि बैंकको कर्जा असुलीमा समेत प्रभाव परेको छ ।

सरकारीकरण हुने लाइनमा रहेका जग्गा धितो राखेका बैंक र ती जग्गाका सँधियारले दैनिकजसो मन्त्रालयमा फोन गरेर फुकुवाका लागि दबाब बढाएको मन्त्रालय स्रोतको दाबी छ । 'जग्गा धितो राखेका कारण बैंकहरूले ताकेता गरिरहेका छन्,' सूचना अधिकारी गिरीले मध्यान्हसँग भने, 'बैंकहरूले व्यक्तिको नाममा रहेको जग्गाधनी पुर्जा राखेर कर्जा प्रवाह गरेका छन्, अहिले सरकारीकरणमा पर्ने भएपछि ती बैंकहरू समेत तनावमा छन् । उनीहरूले मन्त्रालयमा दैनिकजसो ताकेता गरिरहेका छन् ।'

सरकारी अधिग्रहणमा पर्ने जग्गाका सँधियारका समेत रोक्का रहेकाले उनीहरूको जग्गा फुकुवा गर्ने प्रक्रियामा मन्त्रालय रहेको छ । 'पुराना कित्ताबाट ३८ हजारभन्दा बढी नयाँ कित्ताकाट भएका कारण कति जग्गा अधिग्रहण हुने भन्ने अझै यकिन हुन सकेको छैन,' उनले भने ।

कुनै आपराधिक किसिमको जग्गाधनीको सँधियारलाई समेत अपराधीजस्तो व्यवहार भएको कतिपयले गुनासो गरेका छन् । छिमेकीका कारण मारमा परेका सँधियारको जग्गा फुकुवा गर्ने विषयमा सकारात्मक हुनुपर्ने मन्त्रालयका उच्च अधिकारीहरू बताउँछन् ।

**जग्गा...**

अदालतले १५ वर्षअघि तयार भएको रावल आयोगको प्रतिवेदनलाई कार्यान्वयनमा ल्याउन आदेशसहितको फैसला गरेको थियो । सोही फैसलामा एक जाँचबुझ समिति बनाउन दिएको आदेशअनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव, महान्यायाधिवक्ता कार्यालयका सह-न्यायाधिवक्ता रहने समिति बन्यो । समितिले कुनै काम गर्न सकेन ।

पछि २०७० साउन २७ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भूमिसुधार मन्त्रालयलाई सार्वजनिक जग्गाको संरक्षण गर्ने सम्बन्धमा पत्र काट्यो । पत्रमा विगतमा गठन भएका कार्यदलहरूका राय-सुझावसमेतलाई दृष्टिगत गरी भावी कार्ययोजना बनाउन भनिएको थियो । तर, काम भएन ।

त्यसयताका कुनै सरकारले मिचिएको सरकारी जग्गा अधिग्रहण गर्ने विषयमा चासो देखाएका थिएनन् । गत १३ चैतमा गठन भएको वालेन्द्र शाह नेतृत्वको सरकारले सुरु गरेको 'शून्य फाइल अभियान'अन्तर्गत कार्यान्वयन हुन बाँकी महत्त्वपूर्ण निर्णयहरूको खोजी गर्ने क्रममा रावल आयोगको प्रतिवेदन पनि अघि बढाएको हो । सोही योजनाअनुसार सरकारले २०८३ जेठ २९ मा रावल आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरेको थियो ।

**यस्तो छ आयोगको सुझाव**

आयोगले अतिक्रमित जग्गा खाली गराउनेबारे तीन मोडल सुझाएको थियो । पहिलो, एकैपटक काठमाडौंका सबै अतिक्रमण हटाउन प्रयास गर्नुपर्ने र त्यो व्यावहारिक हुने प्रतिवेदनमा उल्लेख छ । यसका लागि सबै विवरण संकलन गरेर सूचना दिएर गर्नुपर्ने आयोगले भनेको थियो । आयोगले ७ दिने र ३५ दिने सूचना दिने कार्य अव्यावहारिक भएको भन्दै व्यापक सूचना दिनुपर्ने र आफैं खाली गराउन प्रोत्साहन गर्नुपर्ने सुझाव दिएको थियो ।

दोस्रो सुझावमा सीमित क्षेत्र छनोट गरी नमुनाका रूपमा अतिक्रमण हटाउने अभियान चलाउन सकिने भनिएको छ । यसका लागि सबैभन्दा धेरै अतिक्रमण भएको बौद्ध वा कम अतिक्रमण भएको क्षेत्र खिचापोखरी (अतिक्रमण भएको ६ आना ३ पैसा)बाट सुरु गर्न सकिने भनेको छ ।

तेस्रो विकल्प, सफल मोडल बनाउने र अन्य क्षेत्रमा पाइलट प्रोजेक्टका रूपमा अघि बढ्न सकिने उल्लेख छ । समितिले नै विष्णुमती, बागमती, धोबीखोला र मनोहरा नदी आसपास क्षेत्रबाट सुरु गर्न सकिने र सार्वजनिक हितमा गम्भीर असर परेको क्षेत्रबाट पनि सुरु गर्न सकिने सुझाव दिएको थियो ।

आयोगले २०२२ सालमा गरिएको नापी र २०४४ सालको दोहोरो नक्सालाई आधार मानी सरकारी तथा सार्वजनिक जग्गा पहिचान गरी अध्ययन गरेको थियो । तत्कालीन समयमा काठमाडौं महानगरपालिकामा ३५ वडा थिए । सबै वडाको जग्गा अतिक्रमणसम्बन्धी विस्तृत विवरण संकलन गर्दै नापी नक्सा र प्रिन्ट नक्सासहित प्रतिवेदन तयार गरिएको थियो ।

**जलवायु...**

पुनप्रार्प्तिका लागि नेपालको कुल गार्हस्थ उत्पादनको करिब १० प्रतिशतबराबरको स्रोत आवश्यक पर्ने बताए । विपद्‌ले सडक, पुल, विद्यालय, घर, खेत र जीविकोपार्जनका साधन नष्ट गर्नुका साथै बर्सौंको विकास उपलब्धि उल्ट्याउने भएकाले जलवायु संकट नेपालका लागि मानवीय मात्र नभई विकास संकटसमेत भएको उनले बताए ।

**देश वा महादेशलाई दोष होइन, साझा जिम्मेवारी**

जलवायु संकटका लागि कुनै एउटा देश वा महादेशलाई दोष दिनुको साटो साझा जिम्मेवारी र अन्तर्राष्ट्रिय ऐक्यबद्धताका आधारमा अघि बढ्नुपर्ने शाहको भनाइ थियो ।

संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी संरचनाले स्वीकार गरेको 'साझा तर विभेदित जिम्मेवारी र सम्बन्धित क्षमता'को सिद्धान्त व्यवहारमै लागू गर्नुपर्ने उनले बताए । ऐतिहासिक रूपमा जलवायु संकटमा बढी योगदान गरेका र त्यसको सामना गर्ने क्षमता बढी भएका पक्षले बढी जिम्मेवारी लिनुपर्ने उनको धारणा थियो । 'जलवायु न्याय संयुक्त राष्ट्रसंघको दस्ताबेजमा मात्र सीमित एउटा सुन्दर वाक्यांश बन्न सक्दैन,' उनले भने ।

नेपालको जनतालाई बारम्बार विगतको क्षति पुनर्निर्माण गरिरहनुपर्ने अवस्थाबाट बाहिर निकालेर भविष्य निर्माण गर्ने अवसर दिनुपर्ने उनले बताए ।

**ऋण होइन, अनुदान**

जलवायु विपत्तिपछिको पुनर्निर्माणका लागि ऋणमा आधारित सहयोग पर्याप्त नहुने प्रधानमन्त्री शाहले बताए । 'हामीलाई विश्वबाट पर्याप्त अनुदानमा आधारित सहयोग आवश्यक छ,' उनले भने ।

क्षति तथा नोक्सानी कोष, विश्वव्यापी वातावरण सुविधा तथा अन्य जलवायु वित्तीय संयन्त्र पर्याप्त नभएको उल्लेख गर्दै उनले जलवायु वित्तमा पहुँच सहज बनाउन आग्रह गरे । जलवायु विपत्तिबाट गरिब मुलुकको पूर्वाधार ध्वस्त भएपछि त्यसको पुनर्निर्माणका लागि फेरि ऋण लिनुपर्ने अवस्था अन्यायपूर्ण हुने उनको भनाइ थियो ।

**हिमालयका लागि छुट्टै संयन्त्र**

प्रधानमन्त्री शाहले नेपाल, भारत र चीनको नेतृत्वमा 'हिमालय जलवायु लचिलोपन संयन्त्र' स्थापना गर्न प्रस्ताव गरे । हिन्दुकुश हिमालय करिब दुई अर्ब मानिसको पानी, कृषि, पारिस्थितिक प्रणाली र जीविकोपार्जनसँग जोडिएको उल्लेख गर्दै उनले हिमालयलाई विश्वको जलवायु सुरक्षाको महत्त्वपूर्ण आधारका रूपमा प्रस्तुत गरे ।

भू-उपग्रह तथ्यांक तथा विशेषज्ञता आदानप्रदान, जोखिमयुक्त हिमनदी तालको अनुगमन, संयुक्त पूर्वसूचना प्रणालीको विकास तथा विपद्‌का बेला सीमापार सहायता समन्वय गर्न प्रस्तावित संयन्त्र उपयोगी हुने उनले बताए । 'हिमालयलाई छरिएका सूचनाहरूको सिमाना होइन, अन्तर्राष्ट्रिय सहयोगको प्रयोगशाला बन्न दिऔं,' उनले भने ।

जलवायु न्यायको मागसँगै नेपालले आफ्नै तर्फबाट गरिरहेका प्रयास पनि शाहले महासभामा प्रस्तुत गरे । नेपालले भूभागको झन्डै आधा क्षेत्रमा वन क्षेत्र पुनर्स्थापना गरेको, जलविद्युतमार्फत स्वच्छ ऊर्जा उत्पादन विस्तार गरिरहेको र विद्युतीय सवारीसाधन प्रवर्धन गरिरहेको उनले बताए ।

स्थानीय तहमा जलवायु अनुकूलनका कार्यक्रम विस्तार गरिरहेको उल्लेख गर्दै उनले जलवायु विपद्‌सँग जुध्न थप प्रयास गर्ने प्रतिबद्धता जनाए । तर विश्वव्यापी जलवायु संकटको सामना गर्न नेपालले मात्र लचिलोपन निर्माण गरेर नपुग्ने उनले स्पष्ट पारे ।

**जलवायु संकटसाग जुध्न ६ प्राथमिकता**

शाहले जलवायु संकटसँग जुध्न आवश्यक छवटा प्राथमिकता पनि प्रस्तुत गरे- राहत, पुनर्स्थापना, पुनर्निर्माण, जिम्मेवारी, क्षतिपूर्ति र लचिलोपन ।

पहिला तीन विपत्तिपछिका तत्काल आवश्यकता र पछिल्ला तीन दीर्घकालीन समाधानका आधार भएको उनको भनाइ थियो । जलवायु विपत्तिले गरिब मुलुकको पूर्वाधार ध्वस्त पारेपछि अर्को ठुलो ऋण वा टुक्रे अनुदान पर्याप्त नहुने भन्दै उनले पर्याप्त अनुदानमा आधारित सहयोगको माग गरे ।

**'जलवायु संकटले सीमा चिन्दैन'**

नेपाल-चीन सीमाका दुवैतर्फ परेको असर र बाढी भारतसम्म पुगेको उल्लेख गर्दै शाहले जलवायु परिवर्तनको प्रभाव राजनीतिक सीमाभन्दा बाहिर जाने बताए । 'जलवायु परिवर्तनले सीमा चिन्दैन । हिमनदी र बाढीहरू राहदानी र भिसा बोकेर हिँड्दैनन्,' उनले भने ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले करिब तीन वर्षअघि सगरमाथाको क्षेत्रमा पुगेर दिएको चेतावनी स्मरण गर्दै उनले वैज्ञानिकहरूले लामो समयदेखि दिँदै आएको चेतावनीलाई राजनीतिक नेतृत्वले गम्भीरतापूर्वक कार्यान्वयन गर्न नसकेको बताए ।

सम्बोधनको अन्त्यमा शाहले जलवायु संकटसँग जुध्न विपद्‌पछिको प्रतिक्रियाबाट पूर्वतयारीतर्फ जानुपर्ने बताए । लचिलोपनमा लगानी, बीमा तथा नवीनताको विस्तार, बलिया पूर्वाधार र संस्था निर्माण, जीवाश्म इन्धनमाथिको निर्भरता घटाउने तथा पूर्वसूचना प्रणाली सुदृढ गर्न उनले आग्रह गरे । 'जब विश्वको सर्वोच्च शिखरबाट अर्को चेतावनी आउँछ, आउनुहोस्, हामी यसलाई सुन्न तयार होऔं र कार्य गर्न तयार होऔं,' उनले भने ।

महासभामा शाहको सम्बोधनले नेपालको बाढीपछिको सहयोगको आग्रहलाई मात्र होइन, जलवायु संकटको मूल प्रश्नलाई अन्तर्राष्ट्रिय न्यायसँग जोडेको छ । नेपालको सन्देश स्पष्ट थियो- जलवायु परिवर्तनको मूल्य सबैले समान रूपमा सिर्जना गरेका होइनन् भने त्यसको भार पनि सबैले समान रूपमा बोक्नुपर्ने अवस्था न्यायसंगत हुन सक्दैन ।

**युद्धका लागि हतियार, किसानका लागि मल किन छैन ?**

शाहको सम्बोधनको अर्को महत्त्वपूर्ण पक्ष विश्वशान्ति र युद्धले साना तथा गरिब मुलुकमा पार्ने असर थियो । शक्तिराष्ट्रबीचको युद्धले विश्व आपूर्ति प्रणालीमा असमानता बढाएको उनको तर्क थियो । उनले नेपालका किसानले समयमै मल नपाउने, राजमार्ग निर्माणका लागि आवश्यक सामग्री नपाउने र परिवारले खाना पकाउने इन्धनसमेत अभाव बेहोर्नुपर्ने अवस्था सुनाए ।

त्यसपछि उनले विश्व व्यवस्थामाथि प्रश्न गरे, 'हामीले यस्तो संसार बनाएका छौं, जहाँ युद्धका लागि आवश्यक सामान आपूर्ति गर्न सजिलो छ तर खाद्यान्नका लागि निकै कठिन छ ।' हतियारहरू सीमा पार गरेर समयमै युद्धभूमिमा पुग्ने तर किसानलाई मल र खाद्यान्न पुर्‍याउन अवरोध हुने अवस्थाले विश्वव्यवस्थाको प्राथमिकतामाथि प्रश्न उठाएको उनको भनाइ थियो ।

**नेपाली...**

सेवाग्राहीको अनुरोधमा नयाँ व्यवस्था गरिएको महावाणिज्यदूतावासको भनाइ छ । युएईबाट सामान्य राहदानी बनाउन २ सय, ३४ पेजको राहदानी बनाउन ३ सय र ६६ पेजको राहदानी बनाउन ६ सय दिराम दस्तुर लाग्ने व्यवस्था छ । आफू बसेको स्थानमा राहदानी प्राप्त गर्न चाहनेले राहदानी आवेदनका क्रममा बायोमेट्रिक दिएपछि युएईको सरकारी हुलाक सेवा इमिरेट्स पोस्टको दस्तुर र भ्याटसहित १५.७५ दिराम जम्मा गर्नुपर्नेछ ।

नयाँ राहदानी बनेपछि युएईको सरकारी हुलाक सेवा इमिरेट्स पोस्टमार्फत डेलिभरी गरिने महावाणिज्यदूतावासले जनाएको छ । यो सेवा स्वेच्छिक रहेको भन्दै महावाणिज्यदूतावासले आवश्यक पर्ने सेवाग्राहीले मात्र उपयोग गर्न सक्ने जनाएको छ ।

युएई पछिल्ला महिनामा नेपाली श्रमिकको प्रमुख आकर्षक गन्तव्यमा रहेको छ । युएईमा ५ लाखभन्दा बढी नेपाली कार्यरत रहेका छन् । राहदानीको म्याद सकिएर नवीकरणका लागि फारम भरेका तर पटकपटक दूतावास धाउन समय नपाउनेहरूका लागि हुलाक डेलिभरी सेवाले धेरैलाई लाभ पुग्ने अपेक्षा गरिएको छ ।

नेपाली दूतावास वा महावाणिज्यदूतावास नभएका मुलुकमा काम गर्ने नेपालीहरूले राहदानी नवीकरणका लागि विभिन्न समस्या भोग्दै आएका छन् । केही समयअघि अस्ट्रियाको भियनास्थित नेपाली दूतावासले नवीकरण भएका नेपालीका राहदानी क्रोएसिया नपठाउँदा नेपाली कामदार समस्यामा परेका थिए । मध्यान्ह दैनिकले पटकपटक ध्यानाकर्षण गराएपछि मात्रै भियनास्थित नेपाली दूतावासले नवीकरण भएका राहदानी पठाउने व्यवस्था गरेको थियो ।

**राहदानी...**

उपलब्ध गराइने बताएका छन् । महावाणिज्यदूत ओडारीका अनुसार सेप्टेम्बर २४ अघि राहदानी नवीकरणका लागि आवेदन दिएका सेवाग्राहीले भने यो सुविधा पाउने छैनन् ।

महावाणिज्यदूत ओडारीले राहदानी आवश्यक परेका नेपालीलाई सेवा दिन उच्चतम प्रयास गरिएको मध्यान्हलाई बताए । उनले दुबईमा नेपाली श्रमिक र अन्य पेशा व्यवसाय गर्ने नेपालीको संख्या दैनिक रूपमा बढेको, तर महावाणिज्यदूतावासमा कार्यरत जनशक्तिको संख्या सानो रहेको भएपनि यहाँ रहेका नेपालीलाई झन्झट र हैरानी नहोस् भन्ने सेवाभावका साथ काम गरिरहेको पनि बताए ।

राहदानी डेलिभरीको सुविधाले श्रमिकहरूलाई ट्राभल खर्च बच्ने, राहदानी लिनकै लागि कार्यक्षेत्रबाट बिदा लिनुनपर्ने जस्ता फाइदा पुग्ने महावाणिज्यदूत ओडारीले दाबी गरे ।

# मृत्युदण्डको सजाय पाएका हरिबहादुर २४ वर्षपछि नेपाल फर्किए

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, ९ असोज



मलेसियामा लागुऔषधसम्बन्धी मुद्दामा पक्राउ परी लामो समय जेल जीवन बिताएका नुवाकोट बर्सुन्चेत-१ का हरि बहादुर घले २४ वर्षपछि स्वदेश फर्किएका छन् ।

सन् २००३ मे ३० मा मलेसियाको क्वालालम्पुरस्थित एक होटलबाट पक्राउ परेका घलेमाथि लागुऔषध कारोबारसम्बन्धी अभियोग लागेको थियो । प्रहरीले उनको साथबाट ८७५ ग्राम हेरोइन बरामद भएको दाबी गरेको थियो। घलेले भने उक्त लागुऔषध आफ्नो नभएको र अर्का नेपाली नागरिक गणेश तामाङको भएको दाबी गर्दै आएका थिए।

मलेसियाको उच्च अदालतले सन् २००९ मा घलेलाई मृत्युदण्डको फैसला सुनाएको थियो । त्यसविरुद्ध गरिएको अपिलमा मलेसियाको सर्वोच्च अदालतले पनि सन् २०१२ मा उच्च अदालतको फैसला सदर गरेको थियो । त्यसपछि घले लामो समय मृत्युदण्डको जोखिममा जेल जीवन बिताउन बाध्य भएका थिए।

घलेको जीवनरक्षाका लागि नेपालमा परिवार तथा विभिन्न सरोकारवालाले लामो समयदेखि पहल गर्दै आएका थिए। नेपाल सरकारका तर्फबाट पनि मलेसिया सरकारसँग कूटनीतिक पहल भएको थियो । तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईले समेत घलेको जीवनरक्षाका लागि पहल गर्ने प्रतिबद्धता जनाएका थिए ।

घलेको परिवारले उनको रिहाइ तथा जीवनरक्षाका लागि सार्वजनिक रूपमा अपिलसमेत गरेको थियो। एम्नेस्टी इन्टर नेसनल नेपालले समेत घलेको परिवारसँग सहकार्य गर्दै मृत्युदण्डविरुद्ध अभियान चलाएको अभिलेखमा उल्लेख छ ।

पछि उनको मृत्युदण्डको सजाय परिवर्तन भई जेल सजायमा परिणत भएको र लामो कानुनी प्रक्रियापछि उनी डिटेन्सन सेन्टरमा रहेका थिए ।

२४ वर्षपछि स्वदेश फर्कने क्रममा भने घलेलाई हवाई टिकटको समस्या परेको थियो । उनको अवस्थाबारे जानकारी पाएपछि मलेसियामा व्यवसाय गर्दै आएका तथा आरटिएफसी फुटबल क्लबका अध्यक्ष राजु तामाङले सहयोगको पहल गरेका थिए। तामाङले सेप्टेम्बर २४ तारिखको बाटिका इयरको हवाई टिकट उपलब्ध गराएपछि घले नेपाल फर्कन सफल भएका हुन् ।

लामो समय मलेसियामा जेल तथा हिरासतमा बिताएपछि परिवारसँग पुनर्मिलन हुने गरी स्वदेश फर्किएका घलेको जीवनको यो घटना मलेसियामा रहेका नेपाली श्रमिकका लागि लामो कानुनी संघर्ष र कूटनीतिक पहलको एउटा उदाहरण बनेको छ । घलेलाई स्वदेश फर्काउन सहयोग गरेका व्यवसायी तथा आरटिएफसी फुटबल क्लबका अध्यक्ष राजु तामाङप्रति परिवार तथा आफन्तले आभार व्यक्त गरेका छन् ।

अविरल वर्षा

# बाढीप्रभावितको जनजीवन थप कष्टकर



**काठमाडौं/मस–** भोटेकोशी हुँदै त्रिशूली नदीमा गएको बाढीबाट प्रभावित भई अस्थायी संरचनामा बस्दै आएका परिवार निरन्तरको वर्षाबाट थप समस्यामा परेका छन् ।

बिहीबारदेखि सुरु भएको वर्षा शुक्रबार पनि जारी छ । खुला स्थानमा निर्माण गरिएका अस्थायी टहरा तथा टेन्टमा पानी पस्दा प्रभावितको दैनिकी थप कष्टकर बनेको हो। टेन्टभित्र पानी पसेपछि राहतमा प्राप्त भएको खाद्यान्न, लत्ताकपडा तथा अन्य सामग्री जोगाउन समस्या भएको रसुवाबाट विस्थापित भई नुवाकोटमा बसोबास गर्दै आएका उत्तरगया गाउँपालिका-१ का वडाध्यक्ष मानसिंह तामाङले बताए ।

उनका अनुसार खुला स्थानमा टेन्ट राखेर बस्दै आएका प्रभावितलाई छानाबाट चुहिएको पानीसँगै जमिनमा बगेको भल टेन्टभित्र पस्दा थप समस्या भएको छ । रसुवाबाट विस्थापित भई नुवाकोटका विभिन्न स्थानमा बसोबास गर्दै आएका ३४४ परिवारमध्ये १४२ परिवार विदुर नगरपालिका-५, बाणाचौतारोमा अस्थायी टेन्टमा बस्दै आएका छन्। टेन्टमा पानी चुहिएपछि राहतमा प्राप्त खाद्यान्न र लत्ताकपडा भिजेको तथा ज्येष्ठ नागरिक र बालबालिकालाई थप समस्या भएको खाल्डेबाट विस्थापित भई बाणाचौतारोमा बस्दै आउनुभएका दावामिङ्मार तामाङले बताए ।

'टेन्टमा पानी पसेपछि सामान जोगाउनै समस्या भएको छ । जमिन हिलाम्मे बनेको छ भने चिसो बढेपछि ज्येष्ठ नागरिक र बालबालिकालाई बढी समस्या भएको छ', उनले भने ।

अस्थायी संरचनामा बस्दै आएका प्रभावितको टेन्टमा पानी चुहिन नदिन नेपाल रेडक्रस सोसाइटी नुवाकोट शाखाले त्रिपाल उपलब्ध गराएर सहयोग गरिरहेको छ । जिल्ला शाखाका मन्त्री उद्धव शर्मा रिजालका अनुसार बाणाचौतारोसहित जिल्लाका विभिन्न पाँच स्थानमा बसोबास गरिरहेका प्रभावितको टेन्टमा त्रिपाल ओढाउने र जमिनबाट बगेको पानी टेन्टभित्र पस्न नदिन चारैतर्फबाट पानीको निकास बनाउने काममा स्वयंसेवक परिचालन गरिएको छ ।

'वर्षाका कारण प्रभावितको बसाइ थप कष्टकर बनेपछि टेन्टमा त्रिपाल ओढाउने र पानीको निकास बनाउने काम भइरहेको छ ।'

निरन्तरको वर्षाका कारण बाढीले पुरिएका संरचनाको भग्नावशेष हटाएर सामग्री निकाल्ने तथा खोज तथा उद्धारको कामसमेत प्रभावित भएको छ ।

त्रिशूली बजार तथा त्रिशूली नदीको पारिपट्टि बाढीले पुरिएका संरचनामा भइरहेको खोज तथा उद्धारमा वर्षाले कठिनाइ भएको विदुर नगरपालिकाका प्रमुख राजन श्रेष्ठले बताए ।

बाढीले पुरिएका भग्नावशेष हटाई सुरक्षित रहेका सामग्री निकाल्न प्रभावित परिवारलाई विदुर नगरपालिका तथा विभिन्न सङ्घसंस्थाले सहयोग गरिरहेका छन्। तर, निरन्तरको वर्षाले भग्नावशेष तथा आसपासको क्षेत्र हिलाम्मे भएपछि खोज तथा उद्धारका साथै सामग्री निकाल्ने काममा कठिनाइ भएको नगरप्रमुख श्रेष्ठको भनाइ छ । भोटेकोशी हुँदै त्रिशूलीको बाढीका कारण नुवाकोटमा दुई हजार १०० भन्दा बढी घरपरिवार प्रत्यक्ष प्रभावित भई घरबारविहीन भएका छन् । भाडामा बस्ने र व्यवसाय गर्दै आएका परिवारसमेत थप हुँदा बाढीपछि जिल्लामा दुई हजार ५०० भन्दा बढी परिवार प्रभावित भएको जिल्ला प्रशासन कार्यालय नुवाकोटको तथ्यांक छ।

बाढीबाट विस्थापित परिवारमध्ये केहीले घर तथा बाढीले पुरिएका संरचनाबाट सामान निकाल्न सफल भए पनि धेरै परिवार अझै अस्थायी संरचना र राहत सामग्रीको भरमा बस्दै आएका छन् । निरन्तरको वर्षाले चिसो बढेपछि विशेष गरी बालबालिका, ज्येष्ठ नागरिक, सुत्केरी, बिरामीलाई समस्या बनाएको छ। बाढीपश्चात् अस्थायी संरचनामा बस्दै आएका परिवारको जनजीवन अहिलेको निरन्तरको वर्षाले थप प्रभावित बनाएको हो ।

**रसुवाका २०१ अभिभावक र ३८ जना विद्यार्थी बेपत्ता**

भोटेकोशी बाढीबाट रसुवाका निजी विद्यालयमा ठूलो मानवीय तथा भौतिक क्षति पुगेको छ ।

बाढीमा परी ठूलो संख्यामा विद्यार्थी र अभिभावक बेपत्ता भएका छन् । सयौंको संख्यामा अभिभावक गुमाएपछि धेरै बालबालिका विचल्लीमा परेका छन् । बाढीपछि विद्यालयको पठनपाठनसमेत प्रभावित भएको छ। निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन)का अध्यक्ष पासाङ लामाका अनुसार जिल्लाका विभिन्न संस्थागत विद्यालयमा अध्ययनरत ३८ जना विद्यार्थी बाढीमा परी बेपत्ता भएका छन्। गोसाइँकुण्ड बोर्डिङ स्कुलका १९ जना, मोडर्न ट्रिनिटी बोर्डिङ स्कूलका १० जना र हाइल्याण्ड आवासीय माध्यमिक विद्यालयका नौजना विद्यार्थी बेपत्ता भएका छन्। बाढीकै कारण २०१ जना अभिभावकसमेत बेपत्ता छन्। प्याब्सनको तथ्यांकअनुसार गोसाइँकुण्ड बोर्डिङका ४६ जना, हाइल्याण्ड आवासीय माविका ४२ जना, नमूना एभरग्रिनका ४१ जना, मोडर्न ट्रिनिटीका ३३ जना, ग्रिनगार्डनका २५ जना, नर्थपोलका नौजना र हिमालयनका पाँच जना विद्यार्थीले आफ्ना अभिभावक गुमाएका छन्।

आफ्ना आमाबुबा तथा अभिभावक गुमाएपछि ती स्कुले बालबालिकाको पठनपाठन अन्योलमा परेको छ । आश्रय र संरक्षणको अभावमा सयौं बालबालिका हाल गम्भीर मानसिक तथा भौतिक संकट व्यहोर्नु परेको छ । बाढीले विभिन्न भौतिक संरचनासहित शैक्षिक संस्थामा पनि क्षति पुगेको छ । बाढीकै कारण मोडर्न ट्रिनिटी बोर्डिङ स्कुलका संस्थापक प्रधानाध्यापक सुरोज डंगोल र एक शिक्षिका बेपत्ता भएका छन् ।

# जब 'कथा डबली'मा जीवन्त भए लाखे र कुमारीका कथा





**काठमाडौं/मस–** अविरल झरीबिच पनि बिहीबार नेपाल प्रज्ञा-प्रतिष्ठानको परिसरले सांस्कृतिक डबलीको झल्को दिन्थ्यो। वसन्तपुरको इन्द्रजात्राको चहलपहल र नाचलाई प्रज्ञा-प्रतिष्ठानले आफ्नै आँगनमा उतार्दै 'इन्द्रजात्राः शारदीय पर्व' कार्यक्रम भव्यताका साथ सम्पन्न गरेको थियो ।

'कथा डबली-१' अन्तर्गत आयोजित सहरको कथा सुन्ने यस विशेष उत्सवमा उपस्थितहरू शताब्दीऔं पुराना नेवारी सांस्कृतिक कथा र मिथकमा प्रवेश गरे । प्रज्ञा-प्रतिष्ठानको सभाकक्षमा जात्राकै वास्तविक सांगीतिक र जीवन्त दृश्य प्रस्तुत भइरहेको थियो ।

जब वज्रकला कुञ्जका कलाकारहरू मञ्चमा धाँ बाजा, भुस्याः (झ्याली) र बाँसुरीको तालमा प्रवेश गरे, तब वातावरणमा जात्राको रौनक छायो। राता रंगीन पहिरन, डरलाग्दा मुकुट लगाएका लाखेहरूको उफ्राइले दर्शक मन्त्रमुग्ध भए। कार्यक्रममा प्रस्तुत कुमारी नाचले उपस्थित दर्शकलाई उपत्यकाको जीवन्त सांस्कृतिक संसारमा प्रवेश गराएको थियो ।

कार्यक्रमको मुख्य आकर्षण बने नेपालभाषा एकेडेमीका चान्सलर मल्ल के. सुन्दर। उनले इन्द्रजात्रा, लाखे नाच, मयजु-कुमारीका मिथक, ऐतिहासिक कथा एवं तिनका असाध्यै गहिरा सांस्कृतिक महत्वमाथि जीवन्त प्रकाश पारे । 'मिथले भन्छन्– इन्द्र देवराज हुन् । तर, उनले नेपालमण्डलमा आएर निर्वाह गरेको आचरण प्रचलित सामाजिक मर्यादको उल्लंघन हो । स्वर्गका अधिपत्य इन्द्र पनि सजाँयको भागि हुनु पर्दोरहेछ,' उनले भने, 'अनेक आयाम छन्, थुप्रै लोक आख्यान र परम्परा छन् यैँयाः इन्द्रजात्राको । यो पर्व सबै धर्म, सम्प्रदाय, जात, जातिको साझा जीवन्त सभ्यता हो अनि रैथानेहरुका गौरव गाथा हो।'

उनको ओझपूर्ण र कथात्मक शैलीमा वाचन गरिएको इन्द्रजात्राको कथाले श्रोतालाई प्राचीन नेवारी लोककथाको कालखण्डमा पुर्‍यायो । 'मञ्चमा उनी बोल्दै गर्दा लाग्थ्यो, वर्षाका देवता इन्द्र र बन्दी बनाइएका उनकै कथा जीवन्त भएर डबली वरिपरि घुमिरहेका छन्,' कार्यक्रमका श्रोता कवि स्नेह सायमी भन्दै थिए ।

कार्यक्रममा बोल्दै प्रज्ञा-प्रतिष्ठानका 'काव्य, संस्कृति र डिजिटलाइजेसन' विभाग प्रमुख दीपक सापकोटाले उपत्यकाका जात्रा र पर्वहरूको ऐतिहासिक तथा सामाजिक महत्वमाथि प्रकाश पारेका थिए। उनले हाम्रा जात्राहरू समुदाय जोड्ने बलिया सांस्कृतिक धागो भएको बताए ।

'जात्राहरू जीवनमय भएकै कारण सहरहरू जीवन्त छन् । जात्रा चलायमान छन्, मानौं-यी अद्भुत प्राणले बाँचेका छन् । मानव जीवनजस्तै जात्राहरूको पनि आफ्नै धुन छ,' दीपक सापकोटाले भने, 'काठमाडौं उपत्यका भन्नु नै लोकाख्यान, जात्रा र उत्सवहरू हो ।

उपत्यकालाई जिउँदो राख्ने एक भव्य पक्ष हो सानदार सांस्कृतिक वैभव अर्थात् जात्रा, नाच, भोज र संगीत । जात्राहरू पुरातन क्यालेन्डरमा दोहोरिइरहने केवल पर्व होइनन्, प्रत्येक वर्ष नयाँ जीवन पाइरहने र स्मृतिमा पुर्‍याइरहने जीवन्त सम्पदा हुन्, हाम्रो जीवनका अभिन्न हिस्सा हुन् र हन् ऋतुमा आधारित अनुष्ठान, जसको आफ्नै जीवनचक्र छ ।'

आधुनिकताको भीडमा हराउँदै गएका हाम्रा मौलिक संस्कृति र पर्वलाई कथा र कलाको माध्यमबाट पुनर्जीवित गर्न नेपालका विभिन्न सहर, गाउँमा 'कथा डबली' निरन्तर आयोजना गर्ने प्रज्ञा-प्रतिष्ठानको 'काव्य, संस्कृति र डिजिटलाइजेसन' विभागले जनाएको छ ।

# ईशनाथमा कांग्रेस अधिवेशन विवादित



**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, ९ असोज

नेपाली कांग्रेसको १५औं महाधिवेशन अन्तर्गत रौतहट क्षेत्र नम्बर-२ को ईशनाथ नगरपालिकामा सम्पन्न नगर अधिवेशन सभापति चयन प्रक्रियाकै कारण विवादित बनेको छ ।

अधिवेशनका क्रममा निष्पक्षता, पारदर्शिता र लोकतान्त्रिक अभ्यासमाथि प्रश्न उठाउँदै असन्तुष्ट पक्षले प्रक्रियामाथि गम्भीर आपत्ति जनाएको छ । उनीहरूले कार्यकर्ताको भावना बेवास्ता गर्दै एकलौटी निर्णय लादिएको तथा पारिवारिक प्रभाव हाबी भएको आरोप लगाएका छन् ।

स्थानीय स्रोतका अनुसार नेतृत्व चयन प्रक्रियामा विधि र मापदण्ड मिचिएको भन्दै विवाद चर्किएको हो । यसक्रममा पार्टीभित्र निष्पक्ष नेतृत्व चयन र कार्यकर्ताको सम्मान सुनिश्चित हुनुपर्ने आवाजसमेत उठेको छ ।

विवादकै बीच रहिस मिया नगर सभापतिमा चयन भएको घोषणा भएपछि असन्तुष्टि थप बढेको बताइएको छ । प्रतिनिधित्वको विषयबाट सुरु भएको मतभेद चर्किँदै जाँदा नेता-कार्यकर्ताबीच भनाभन, गालीगलौज र केही स्थानमा झडपजस्तो अवस्था सिर्जना भएको चर्चा स्थानीय तहमा छ।

असन्तुष्ट समूहले सम्पूर्ण चयन प्रक्रियालाई पुनः निष्पक्ष, पारदर्शी र वैधानिक ढंगले अघि बढाउन माग गरेका छन् । साथै, पार्टीभित्र देखिएको एकलौटी प्रवृत्ति र दबाबमूलक शैलीप्रति समेत उनीहरूले आपत्ति जनाएका छन् । अधिवेशनका क्रममा स्थानीय नेता कार्यकर्ताबीच हातपातसमेत भएको थियो ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**
यस कार्यालयमा मिति २०६५।११।०९ मा दर्ता भएको **अवि आल्मुनियम फेब्रीकेशन प्रा. लि.(प्रा.लि. नं. ६०५९१)** को नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

**CYPRUS मा रोजगार**
कम्पनी: A.D. HOME SERVE (DOMESTIC EMPLOYMENT AGENCY) शहर: CYPRUS
पूर्व स्वीकृत मितिः २०८३/०४/२२ चलानी नं.: ६०२६१६८६ LT. No.: 346264 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 25 | स. काममा दक्ष | 400 | ६९,७१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: MEDEON INTERNATIONAL PLACEMENT AGENCY LTD शहर: CYPRUS
पूर्व स्वीकृत मितिः २०८२/११/२७ चलानी नं.: ६०२५३८५२ LT. No.:339399 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 4 | 0 | सम्बन्धित काममा दक्ष | 900 | १,५६,८६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Waiter | 0 | 1 | | 800 | १,३९,४३२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १७ गते (3 October 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | क.१ र क.२ रु. ३५,००० क.३ नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १५०६/०७४/७५
KOSH OVERSEAS PVT. LTD.
Seti Opi Marg, Koteshwor-32, Kathmandu, Tel.: 014537535, 014537536, 9851197732.
Email: info@koshoverseas.com., koshoverseas@gmail.com.

# वर्षाका कारण उपत्यकाको फोहोर व्यवस्थापनमा समस्या



**काठमाडौं/मस–** दुई दिनदेखि नियमित रूपमा परेको वर्षाका कारण काठमाडौं उपत्यकाको फोहोर अन्तिम व्यवस्थापनमा समस्या भएको छ ।

काठमाडौं महानगरपालिका वातावरण व्यवस्थापन विभागका प्रमुख सरिता राईका अनुसार वर्षाका कारण 'सिस्डोल ल्यान्डफिल साइट' मा लेदोसहितको पानी बग्न थालेपछि फोहोर ढुवानी र व्यवस्थापनमा समस्या आएको हो ।

अन्तिम फोहोर व्यवस्थापनमा समस्या आएको भन्दै प्रमुख राईले स्रोतमा नै फोहोर व्यवस्थापन गर्न नगरवासीलाई आग्रह गरेकी छिन् ।

घर, पसल, व्यवसाय र कम्पाउन्डको फोहोर सडक र सार्वजनिकस्थल, खोलानाला र खुला स्थानमा नफाल्न आग्रह गर्दै उनले उल्लेखित स्थानमा फोहोर फाले सडक अवरुद्ध हुनुका साथै पानी निकासमा समेत बाधा पुग्ने बताइन् ।

अवस्था सामान्य हुनासाथ फोहोर संकलन तथा ढुवानी नियमित रूपमा हुने पनि राईले जानकारी दिइन् ।

ल्यान्डफिल साइटमा हाल काठमाडौं उपत्यकाको १८ वटा स्थानीय तहको फोहोर दैनिक करिब २०० गाडीले अन्तिम रूपमा व्यवस्थापन गर्दै आएका छन् ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**
**प्रथम पटक प्रकाशित मिति २०८३/०६/१०**
यस कम्पनीको मिति २०८३।०५।२२ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **अलाईभ पोलिक्लिनिक एण्ड डायग्रोष्टिक सेन्टर प्रा.लि. (दर्ता नं. २२९७७९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०६।०८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **अलाईभ हेल्थ विशेषज्ञ क्लिनिक प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**
कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०५/२० मा दर्ता भएको **प्रा.लि. नं. २७०६२२** को **कुसल व्यवसायिक सिप प्रा.लि.** कम्पनीको मिति २०८३/०६/०५ मा सम्पन्न विशेष साधारणसभाले कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन)मा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।
**लिक्विडेटरः सुदिश उप्रेती, इजाजतपत्र नं. ६२९, फोन नं. ९८६०४२९२१२**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**
कम्पनी ऐन २०६३ बमोजिम मिति २०६७/०५/०६ मा दर्ता भएको **प्रा.लि. नं. ७५३८८** को **नेपाल स्नोज्वेल्स ट्रेक्स एण्ड एक्सपिडिसन प्रा.लि.** कम्पनीको मिति २०८३/०६/०८ मा सम्पन्न विशेष साधारणसभाले कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन)मा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी
**लिक्विडेटरः लक्ष्मण रिजाल, इजाजतपत्र नं. ६५७, फोन नं. ९८५१०१९८६४**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**
कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०५/२० मा दर्ता भएको **प्रा.लि. नं. २७०६२१** को **राजा बाबु स्कील प्रा.लि.** कम्पनीको मिति २०८३/०६/०५ मा सम्पन्न विशेष साधारणसभाले कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन)मा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।
**लिक्विडेटरः सुदिश उप्रेती, इजाजतपत्र नं. ६२९, फोन नं. ९८६०४२९२१२**

कथा

# प्रेमको न्यानो





● अजनबी शर्मा

*पहिले शरीरको निकटता प्रेमको प्रमाणजस्तो लाग्थ्यो । अब त्यो प्रेमको एउटा रूप मात्र लाग्न थाल्यो । पूरै अर्थ होइन । उनीहरू एउटै ओछ्यानमा सुत्थे । कहिलेकाहीँ हात समातेर । कहिलेकाहीँ एक–अर्कातिर फर्केर । कहिलेकाहीँ लामो मौनतामा । त्यहाँ कुनै अपूर्णताको चिच्याहट थिएन । एउटा शान्त निकटता थियो ।*

काठमाडौंका हिउँदे बिहान उज्यालो भएर पनि चिसा हुन्छन् । घाम झ्यालबाट भित्र पसिसकेको हुन्छ, तर कोठाका कुनामा जमेको चिसो त्यति सजिलै हराउँदैन् ।

पेप्सीकोलाको त्यो सानो घरमा पनि बिहान पस्दै थियो । उर्वशी भान्सामा चिया पकाउँदै थिइन् । एलिना भुइँमा बसेर अक्षर चिन्दै थिई ।

‘ए फर, एप्पल ।’ ‘बी फर बल ।’ ‘सी फर क्याट ।’ एलिना बिरालो सम्झेर हाँसी । ढोकाबाट उदयले सोधे, ‘डी फर ?’ एलिनाले फर्केर हेरी । ‘ड्याडी !’

उदयले उसलाई काखमा उचाल्यो । ‘ड्याडी भनेको के ?’

उदयले उर्वशीतिर हेर्दै भन्यो, ‘ड्याडी भनेको ममीलाई धेरै माया गर्ने मान्छे ।’

उर्वशी हाँसी । ‘अब छोरीलाई पनि प्रेमको परिभाषा सिकाउन थालिसक्यौ ?’

‘तिमीलाई त कलेजदेखि सिकाउँदै आएको ।’

उर्वशीले चिया ल्याइन् । त्यतिबेला उनीहरूलाई लाग्थ्यो, यही हो जीवन । बिहानको चिया । साँझको थकान । छोरीको हाँसो । एक-अर्काको काँध ।

धनगढीबाट काठमाडौं आएको उदय र इटहरीबाट आएकी उर्वशीको मित्रता कलेजमा प्रेममा बदलिएको थियो । अनि, प्रेम विवाहमा ।

उर्वशी बैंकमा काम गर्थिन् । उदय गौरव सहकारीको सोह्रखुट्टे शाखा व्यवस्थापक थियो ।

हरेक बिहान उनीहरू दुवै फरक दिशामा निस्कन्थे । उर्वशी कोटेश्वरतिर । उदय सोह्रखुट्टेतिर । साँझ फेरि एउटै घर । काठमाडौंको भिड उनीहरूलाई कहिलेकाहीँ झर्को लाग्थ्यो । तर घरको ढोकाभित्र पसिसकेपछि त्यो शान्तिमा बदलिन्थ्यो । उनीहरूलाई थाहा थिएन, संसार कुनबेला हातबाट एकैछिनमा फुत्किन्छ ।

त्यो साँझ सिमसिम पानी परिरहेको थियो । उदय घर आइपुगेन, आयो फोन । बानेश्वरनजिक उसको मोटरसाइकल दुर्घटना भएछ । उर्वशी अत्तालिई । एलिनालाई काखमा च्यापेर उनी हतारहतार अन्नपूर्ण न्युरो अस्पताल माइतीघर पुगिन् । त्यही उनीहरूले झन्डै एक महिना बिताए । एक साँझ डाक्टरको भने, ‘उहाँको कम्मरमुनिको भागमा गम्भीर असर परेको छ ।’

उर्वशीले डाक्टरको अनुहार हेरिन् र सोधिन्, ‘हिँड्न त सक्नुहुन्छ नि ?’

‘अहिले निश्चित भन्न सकिँदैन ।’ डाक्टरको अनुहारले अर्कै कुरा भनिरहेको थियो । ‘उपचारपछि ?’ उर्वशीले फेरि सोधी ।

‘उपचार र रिह्याबिलेसनले कार्यक्षमता सुधार्न मद्दत गर्छ । तर रिजल्ट चोटको स्तर, क्षतिको प्रकृति र शरीरको प्रतिक्रियामा निर्भर हुन्छ,’ उनले कुरालाई गुजुल्ट्याएर भनेका थिए ।

डाक्टरले मेरुदण्डभित्रको स्पाइनल कर्डले मस्तिष्क र शरीरबीच सन्देश ओहोरदोहोर गराउने कामबारे सम्झाए । चोटपछि खुट्टातर्फ जाने मोटर संकेत र शरीरबाट मस्तिष्कतर्फ फर्किने संवेदना प्रभावित हुन सक्छ । नियन्त्रणमा समस्या आउन सक्छ । मांसपेशी कमजोर हुन सक्छ । जोर्नीमा स्टिभनेस आउन सक्छ । त्यसैले लामो रिह्याबिलेसन आवश्यक हुन्छ ।

उर्वशी सुनिरहिन् । उदय छत हेरिरह्यो । ‘डाक्टर साब,’ उसले बिस्तारै सोध्यो, ‘म अब के-के मात्र गर्न सक्छु ?’

‘धेरै कुरा गर्न सकिन्छ । नआत्तिनुस् ।’

‘हिँड्न ?’

डाक्टर केहीबेर रोकिए । ‘अहिले हामी ‘हिँड्ने कि नहिँड्ने’ भन्दा ‘आफ्नो जीवन कसरी फेरि चलाउने’ भन्नेमा केन्द्रित हुन्छौं ।’

उदयले आँखा बन्द गर्‍यो । त्यो रात उसले पहिलोपटक बुझ्यो, ‘जीवन चल्नु भनेको खुट्टा चल्नु मात्र रहेनछ ।’

अन्ततः उदय डिस्चार्ज भए । घर फर्किंदा उनको जीवन पूरै बदलिएको थियो । उनीहरू माथिल्लो तलाबाट भुइँतलामा सरे ।

पहिले उदयलाई भऱ्याङ मात्र भऱ्याङ लाग्थ्यो । अब त्यो उसको अगाडि उभिएको पर्खाल थियो । बाथरुममा टेक्ने ठाउँ मिलेन । ढोकाको चौडाइ अप्ठ्यारो भयो । सडकको पेटी अग्लो भयो । काठमाडौं उही थियो । तर उदयका लागि सहर बदलिएको थियो ।

एक दिन उसले झ्यालबाट बाहिर हेरिरहेको थियो । एकजना ह्विलचेयरमा सडक पार गर्न खोज्दै थियो । उदयले केहीबेरसम्म हेरिरह्यो । ‘पहिले म यस्तो मान्छेलाई देखेर केही सोच्दिनथेँ,’ उसले भन्यो ।

उर्वशीले चिया राख्दै सोधिन्, ‘अहिले ?’

‘अहिले धेरै सोच्न थालेको छु,’ उनले भन्यो ।

दुर्घटनाले उदयको खुट्टा रोक्यो । सँगै, उर्वशीको जीवन पनि अर्कै ढंगले रोकियो । बैंक, घर र उदयको हेरचाह । एलिनालाई पढाउने । औषधि मिलाउने । फिजियोथेरापीको समय सम्झाउने । उनको उमेर भर्खर २६ वर्ष चल्दै थियो । शरीरमा उमेरको ताजगी थियो । मनमा अझै थुप्रै अधुरा सपना थिए । तर जीवनले अब उनीसँग अर्कै हिसाब मागेको थियो ।

कहिलेकाहीँ राति सबै सुतेपछि उनी झ्यालछेउमा उभिएर बाहिर हेर्थिन् । काठमाडौंको सडकबाट धुलो मिसिएको हावा आउँथ्यो । टाढा मोटरसाइकलको आवाज सुनिन्थ्यो । कुनै घरमा गीत बजिरहेको हुन्थ्यो । उनी सोच्थिन्, ‘मेरो जीवन यतिमै हो ?’

मनैले जवाफ दिन्थ्यो, ‘यतिमै भनेको के ?’

उनी आफैंसँग डराउँथिन् । थाकेकी थिइन् । आफ्नो समय हराएकी थिइन् । शरीरको सहज जीवन हराएको थियो । विवाहका सुरुवाती वर्षमा निकटता उनीहरूको प्रेमको एउटा भाषा थियो । दुर्घटनापछि त्यो भाषा मौन भयो । तर त्यो मौनता उनले कसैलाई सुनाउन चाहिनन् । न उदयलाई । न आफूलाई ।

बाहिरको संसारले भने उनको जीवनका खाली ठाउँहरू देख्न थालिसकेको थियो । ‘ तिमी अझै जवान नै छौ ।’ ‘जिन्दगी सधैं यसरी कहाँ चल्छ र ?’

‘उदय त अब…’ ती वाक्यहरू पूरा हुँदैनथे । तर अधुरा वाक्यले पनि पूरा अर्थ बोकेर आउँथे । कसैले सहानुभूतिको नाममा नजिकिन खोज्थ्यो । कसैले पुरानो चिनजानको बहाना बनाउँथ्यो । कसैले गोप्य सम्बन्धको प्रस्तावसमेत राख्यो । ‘तिमीलाई पनि त आफ्नो जीवन चाहिन्छ ।’ उर्वशीले ती सुन्थिन् मात्र । ती कुराले उनको मनमा कुनै ठुलो हलचल ल्याएन । न आकर्षण । न उत्सुकता । न विकल्प खोज्ने इच्छा । उनले प्रस्ताव ठाडै अस्वीकार गर्थिन् । तर त्यही रात उनले आफैंलाई कठिन प्रश्न गरिन्, ‘म किन अस्वीकार गर्दै छु ?’

डरले ? समाजले ? छोरीका कारण ? उदयका कारण ? वा साँच्चै मेरो मनले अब त्यस्तो जीवन खोज्न छाडिसकेको हो ? मनबाट कुनै जवाफ आएन ।

त्यो रात पानी परिरहेको थियो । झ्यालबाहिर वर्षात्को धुन थियो । उर्वशी निदाउन सकिनन् । उदय निदाइसकेको थियो । उनी उठिन् । ऐनाअगाडि उभिइन् । छब्बीस वर्ष । अझै जवान शरीर । तर त्यो रात उनले पहिलोपटक आफ्नो शरीरलाई बाहिरबाट होइन, भित्रबाट हेर्न खोजिन् । उनले आफैंलाई सोधिन्, ‘शरीर के चाहन्छ ?’

उत्तर आयो, ‘जीवन ।’ कस्तो जीवन ? मौन ।

फेरि सोधिन्, ‘कामना कहाँ जान्छ ?’

फेरि मौन । उनलाई लाग्यो, मानिसले शरीरलाई आफ्नो सम्पूर्ण सत्य ठान्छ । तर शरीरको हरेक चाहना पूरा गर्नैपर्ने नियम त छैन । इच्छा आउनु स्वाभाविक हुन सक्छ । तर इच्छा आउँदैमा त्यसको पछाडि हिँड्नैपर्छ भन्ने हुँदैन । त्यो रात उनले पहिलोपटक आफ्नो कामनालाई शत्रु नबनाई हेर्ने प्रयास गरिन् । कामना आउँछ । त्यसलाई मान्नैपर्छ भन्ने छैन । यो विचारले उनलाई अनौठो शान्ति दियो । भोलिपल्ट उदयले सोध्यो, ‘राति निदाएनौ ?’

‘निदाएँ ।’

‘झुट ।’

उर्वशी हाँसिन् । ‘तिमीलाई कसरी थाहा भयो ?’

‘तिमी झुट बोल्दा आँखा तल हेर्छौ ।’

‘अहिले त तिमी धेरै बुझ्ने भयौ ।’

‘पहिले पनि बुझ्थेँ ।’

‘कहाँ ?’

‘तिमीलाई ।’ उर्वशी चुप भइन् । उदयले बिस्तारै भन्यो, ‘तिमी खुसी छैनौ भने मलाई भन्नू ।’

उर्वशीले उसको आँखामा हेरी । ‘खुसीको परिभाषा बदलिएको छ ।’

‘मलाई थाहा छ ।’

‘तिमीलाई थाहा छ ?’

‘तिम्रो जीवन पनि मेरो दुर्घटनासँगै बदलियो ।’ उर्वशीले उसको हात समातिन् । ‘ तिम्रो शरीरमा चोट लागेको हो, उदय । मेरो जीवनमा होइन ।’

उदय केहीबेर चुप रह्यो ।

‘दुवैमा लागेको छ ।’

त्यो वाक्य उर्वशीको मनमा धेरै दिनसम्म बसिरह्यो । एक रात उदयले फेरि भन्यो, ‘तिमी अर्को बिहे गर ।’ यसपटक उर्वशी रिसाइनन् । ‘यदि मेरो ठाउँमा तिमी भएको भए पनि यसै भन्थ्यौं ?’

उदय चुप भयो ।

धेरैबेरपछि उसले भन्यो, ‘सायद… मलाई पनि थाहा छैन ।’

उर्वशीले उसको हात छोडिनन् । ‘त्यही हो ।’

‘के ?’

‘हामीले आफूलाई अर्को मान्छेको ठाउँमा राखेर सजिलै निर्णय गर्न सक्दैनौँ ।’ उदयले टाउको झुकायो ।

‘तर समाजले निर्णय गरिदिन्छ ।’

‘समाजले पुरुषका लागि एउटा र महिलाका लागि अर्को कुरा गर्छ ।’ ‘तिमीलाई लाग्छ म त्यस्तो हुन्थेँ ?’

उर्वशीले सीधा उत्तर दिइनन् । ‘मलाई थाहा छैन ।’

प्रेमको अर्थ अर्को मान्छे कहिल्यै कमजोर नहोस् भन्ने होइन रहेछ । सायद प्रेमको अर्थ, उसको कमजोरी देखेर पनि उसलाई मान्छेकै रूपमा देखिरहनु रहेछ ।

त्यसपछि उर्वशीले गीता पढ्न थालिन् । विषयमा मन अडिरहँदा आसक्ति जन्मिन्छ । आसक्तिबाट कामना । कामनाबाट क्रोध । अनि मनको विवेकमै असर पर्न सक्छ । कृष्णले अर्जुनलाई सम्झाएको त्यो क्रम उनले पढिन् ।

उर्वशी किताब बन्द गरेर लामो समय मौन बसिन् । कामना आफैं दोष होइन । उनले सोचिन् । कामनासँग मेरो सम्बन्ध के हो, त्यो महत्त्वपूर्ण रहेछ ।

पछि उनले बुद्धका शिक्षाबारे पढिन् । तृष्णा दुःखसँग जोडिन्छ । उनले आफूलाई फेरि सोधिन्, तृष्णा भनेको शरीरले केही चाहनु मात्र हो ?

होइन । मलाई यही जीवन नै चाहिन्छ । मेरो शरीर यस्तै हुनुपर्छ । यो सम्बन्ध कहिल्यै बदलिनु हुँदैन । चाहेजस्तै भविष्य बन्नुपर्छ । यी सबै मनमा बाँधिएर बस्नु पनि त तृष्णा हो । त्यहाँ उनले गीता र बुद्धलाई एउटै बनाउने प्रयास गरिनन् ।

गीताले शरीरभन्दा परको आत्माको नाशरहितताको कुरा गर्छ । बौद्ध दर्शनले स्थायी, अपरिवर्तनशील आत्माको धारणालाई स्वीकार गर्दैन र अनित्यताको बोधतिर लैजान्छ । दुवै एउटै कुरा होइनन् ।

तर उर्वशीले त्यहाँ एउटा साझा प्रश्न भेटिन्- जसलाई समातेका छौं, त्यसलाई एकपटक प्रश्न गर्न सकिन्छ कि सकिँदैन ?

त्यसपछि ध्यान उनको जीवनमा आयो । पहिलो दिन पाँच मिनेट बस्न पनि कठिन भयो । मन भागिरह्यो । भोलिको काम । उदयको औषधि । बैंकको जागिर । एलिना । पुराना स्मृति । अधुरा रहर । शरीर । कामना । भय । उनले मनलाई रोक्न खोजिनन् ।

मात्र हेर्न थालिन् । विचार आयो । गयो ।

इच्छा आयो । गयो । दुःख आयो । कहिलेकाहीँ धेरै बेर बस्यो । त्यसलाई पनि उनले हेर्न सिकिन् । बिस्तारै उनले बुझिन्,- मनमा उठेको हरेक कुरा आफू हुँदैन रहेछ ।

एक दिन उदयले उनलाई ध्यान गरिरहेको देख्यो । ‘के खोज्दै छौ ?’

‘केही होइन ।’

‘त्यसो भए किन बसिरहेकी ?’

‘केही नखोजी बस्न सिक्दै छु ।’ उदय हाँस्यो ।

‘त्यो पनि सिक्नुपर्ने रहेछ ?’

‘हामी सधैं केही न केही खोजिरहेका हुन्छौं ।’

‘तिमी के खोज्थ्यौ ?’

उर्वशीले उसको आँखामा हेरी । ‘पहिले सुख ।’

‘अहिले ?’

‘शान्ति ।’

समय बित्दै गयो ।

उदयले ह्विलचेयर चलाउन सिक्यो ।

आफ्नो शरीरलाई नयाँ ढंगले प्रयोग गर्न सिक्यो । दैनिक काममा आत्मनिर्भर हुँदै गयो । फिजियोथेरापी जीवनको नियमित हिस्सा बन्यो । एक दिन उसले भन्यो, ‘म अफिस जान्छु ।’

उर्वशी डराइन् । ‘सक्छौ ?’

‘सक्छु । मैले कोटेश्वरमै सरुवा मागेको छु ।’

‘बाटो ?’

‘बाटो म हेर्छु ।’

‘मान्छे ?’ उदय मुस्कुरायो ।

‘मान्छेलाई पनि ।’

ऊ अफिस फर्कियो ।

त्यहाँ पुगेपछि उसको नजर बदलिएको थियो ।

नयाँ अफिस ह्विलचियर मैत्री थियो । पुरानो अफिसमा झैं भऱ्याङ, साँघुरा ढोका, असहज बाथरुम र अग्ला पेटी थिएनन् ।

त्यहीँबाट उदयको अर्को जीवन सुरु भयो ।

उर्वशीको शरीरमा पनि समयले आफ्नो काम गरिरहेको थियो । उनको मनमा केही पुरिएको थियो । पहिले शरीरको निकटता प्रेमको प्रमाणजस्तो लाग्थ्यो । अब त्यो प्रेमको एउटा रूप मात्र लाग्न थाल्यो । पूरै अर्थ होइन । उनीहरू एउटै ओछ्यानमा सुत्थे । कहिलेकाहीँ हात समातेर । कहिलेकाहीँ एक-अर्कातिर फर्केर । कहिलेकाहीँ लामो मौनतामा । त्यहाँ कुनै अपूर्णताको चिच्याहट थिएन । एउटा शान्त निकटता थियो ।

उर्वशीले आफूभित्रको परिवर्तनलाई डराएर हेर्न छाडिसकेकी थिइन् । उनले यौनलाई जीवनको अनिवार्य केन्द्र ठान्न छाडेकी थिइन् । त्यो कुनै कुण्ठा थिएन । दमन पनि होइन । कसैको डर पनि होइन । यो आफ्नो मनसँग गरिएको एउटा इमानदार सम्झौता थियो । उनले बुझेकी थिइन्, ‘चाहना हुनु र चाहनाको दास हुनु एउटै कुरा होइन ।’

कहिलेकाहीँ इच्छा मानिसमाथि शासन गर्छ । कहिलेकाहीँ मानिसले त्यसलाई हेरेर भन्न सक्छ, ‘तिमी छौ ।’ तर तिमी नै मेरो मालिक होइनौ । त्यहाँ उनले एउटा स्वतन्त्रता भेटिन् । एक साँझ उदयले सोध्यो, ‘तिमीलाई कहिल्यै लाग्दैन- हामीले केही गुमायौं ?’

‘लाग्छ ।’

‘के ?’

‘धेरै ।’

‘शरीरको जीवन पनि ?’

उर्वशी केहीबेर मौन भइन् । ‘हो ।’

‘दुःख लाग्छ ?’

‘पहिले लाग्थ्यो ।’

‘अहिले ?’

‘अहिले त्यसलाई जीवनको एउटा हराएको कोठाजस्तो सम्झिन्छु ।’

‘फेरि खोल्न मन लाग्दैन ?’

उर्वशी मुस्कुराइन् । ‘हरेक बन्द ढोका खोल्नैपर्छ भन्ने हुँदैन ।’

उदय चुप भयो । ‘तर,’ उर्वशीले थपिन्, ‘त्यो ढोका बन्द छ भनेर घर नै अधुरो हुन्छ भन्ने पनि होइन ।’ उदयले उनको हात समात्यो । त्यो रात उनीहरू धेरैबेर बोलेनन् । कहिलेकाहीँ उर्वशीको मनमा एउटा प्रश्न आउँथ्यो, ‘यदि म दुर्घटनामा परेको भए ?’ उनी कल्पना गर्थिन् । आफ्नो खुट्टा नचल्ने । बैंक जान नसक्ने । घरमा निर्भर हुने । आफ्नो शरीरमाथिको नियन्त्रण घट्ने । अनि उदय ?

के ऊ यति नै धैर्यवान् हुन्थ्यो ? के ऊ अर्को बिहे गर्थ्यो ? के उसले समाजको दबाब स्विकार्थ्यो ? उनी उत्तर खोज्थिन् । तर अन्ततः आफैंलाई रोक्थिन् । उदयलाई उसको नभएको परीक्षामा किन दोषी बनाउने ? उनले सोचिन् ।

वर्षहरू बिते । एलिना ठुली हुँदै गई । उदयको ह्विलचेयर घरको दुःखद वस्तु रहेन । त्यो एउटा साधन भयो । कुर्सीजस्तै । टेबलजस्तै । चस्माजस्तै । जीवनले मागेको अर्को उपकरणजस्तै । उर्वशीले पनि आफ्नो जीवनलाई त्यही ढंगले हेर्न सिकिन् ।

एक दिन एलिनाले सोधी, ‘ममी, बाबा किन ह्विलचेयरमा हिँड्नुहुन्छ ?’

‘फेरि हिँड्नुहुन्छ ?’

उर्वशीले बाबातिर हेरिन् । उदय मुस्कुरायो, ‘म त हिँडिरहेकै छु ।’

एलिना हाँसी । उदयले छोरीलाई काखमा तान्यो ।

त्यो रात काठमाडौंमा असोजको हावा चलिरहेको थियो । दिनभरको तातो हटिसकेको थियो । झ्याल खुला थियो ।

टाढा कतै कुकुर भुकेको आवाज आइरहेको थियो । उर्वशीले बत्ती निभाइन् । उदय निदाइसकेको थियो । उनी उसको छेउमा पल्टिइन् । धेरै वर्षअघि उनले सोचेकी थिइन्, प्रेम भनेको दुई शरीरको निकटता हो । पछि बुझिन्- त्योभन्दा धेरै रहेछ । प्रेम भनेको कसैलाई आफ्नो इच्छाअनुसार बनाउनु होइन । उसको बदलिएको शरीरभित्र पनि त्यही मान्छेलाई देखिरहनु हो । प्रेम भनेको जीवनको रोडम्याप च्यातिँदा पनि नयाँ पाना खोल्न सक्नु रहेछ ।

उदय निद्रामा अलि चलमलायो । उसले ओछ्यानमा उर्वशीको हात खोज्दै आयो । उर्वशीले हात थामिन् । उसले निद्रामै सोध्यो, ‘उर्वशी’

‘यहीँ छु ।’

बाहिर काठमाडौंको रात बिस्तारै फिक्का हुँदै थियो । पूर्वतिर कतै उज्यालो जन्मिँदै थियो । उर्वशीले झ्यालबाट उषाका कलिला किरणहरू कोठातर्फ आइरहेको देखिन् ।

(हालः भैरहवा)

सिनेमा

# पर्दाका लागि कृष्टिको संघर्ष



● प्रकाश सायमी

*समकालीन साथीहरू गौरी मल्ल, करिश्मा मानन्धर, मौसमी मल्ल र नवीना श्रेष्ठ नायिका भइसकेका थिए । तर कृष्टि निराश भइनन्, अभिनयमा निरन्तर लागिरहिन् ।*

नेपाली सिनेमाको पर्दामा नायिकाका रूपमा स्थापित हुन सबैभन्दा बढी संघर्ष गर्ने अभिनेत्री हुन्, कृष्टि केसी (हाल कृष्टि मैनाली) ।

सिनेमामा आउनुअघि उनले रंगमञ्चमा निकै अभिनय गरिन् । नाटक ‘दुई बाउकी एक्ली छोरी’मा उनको अभिनयको निकै चर्चा भयो । उनले जेएएको ‘ह्याम्स सिल्ड’ लघु नाटकबाट अभिनय यात्रा सुरु गरेकी थिइन् । पछि उनी ‘ हिकोला कलर ल्याब’को फोटो एल्बमको कभर गर्लका रूपमा पनि देखिइन् ।

त्यसअघि उनले फिल्म ‘कान्छी’को ‘भैलेनी’ गीतमा टोलीकी एक सदस्यका रूपमा अभिनय गरेकी थिइन् । त्यसैगरी ‘के घर के डेरा’मा हास्यकलाकार गोपालराज मैनालीको जोडी बनेर कुमार बस्नेत र ज्ञानु राणाको लोकगीत ‘भीमेश्वरको मेला भेट भएको बेला…’मा नाचिन् । तर पनि उनी मुख्य नायिका बन्न सकिनन् ।

पछि प्रकाश थापा निर्देशित फिल्म ‘सन्तान’मा गणेश उप्रेतीको जोडी बनेर अभिनय गरिन् । तर पनि उनको करिअरले गति लिन सकेन । बिएस थापा, प्रकाश थापा र प्रदीप रिमालजस्ता दिग्गज निर्देशकका फिल्ममा काम गर्दा पनि उनी नायिका बन्न सकिरहेकी थिइनन् । उनका समकालीन साथीहरू गौरी मल्ल, करिश्मा मानन्धर, मौसमी मल्ल र नवीना श्रेष्ठ नायिका भइसकेका थिए । तर कृष्टि निराश भइनन्, अभिनयमा निरन्तर लागिरहिन् ।



‘हिकोला कलर ल्याब’को फोटो एल्बम सार्वजनिक भएपछि भने उनको ‘स्टारडम’को ढोका खुल्यो । त्यसपछि दीपक रायमाझी निर्देशित फिल्म ‘भाग्यरेखा’मा नयाँ नायक राजेश हमालको जोडीका रूपमा उनी अनुबन्धित भइन् । ‘ भाग्यरेखा’को मुहूर्तमा नायिका करिश्मा केसी थिइन्, तर पारिश्रमिक र छायांकनको तालिका नमिल्दा उनले छाडिन् । त्यसपछि कृष्टिको प्रवेश भएको थियो ।

कृष्टी र राजेश हमाल छायांकनका लागि नारायणगढ प्रस्थान गरे । तर केही दिनको कामपछि नै नायक-नायिका दुवै फिल्मबाट अचानक बप्रत्यक्षदर्शी सहायक निर्देशक मदन घिमिरेका आ-आफैं तर्क थिए । पछि राजेशको ठाउँमा रवीन्द्र खड्का र कृष्टिको ठाउँमा मौसमी मल्लले प्रवेश पाए । भागिरथी श्रेष्ठको कथा, अशेष मल्लको संवाद र नोर्बु छिरिङको संगीत रहेको दीपक रायमाझीको यो पहिलो निर्देशन ‘भाग्यरेखा’ बन्यो र हलमा चल्यो । तर नायक राजेश र नायिका कृष्टि केही समय पर्दाबाट ओझेल परे ।

कृष्टिमा अद्भुत साहस, सौम्यता र अभिनय क्षमता थियो । उनी सिनेमाकै लागि बनेकी थिइन् । परिवारका सदस्य उनलाई मीना भनेर बोलाउँथे, म पनि ‘मीनू’ नै भन्थेँ । उनको पूरा नाम मीना खत्री नै हो जस्तो लाग्छ ।

कृष्टिले मेरो एउटा नाटकमा पनि अभिनय गरिन्, पारिश्रमिकका मामिलामा उनी निकै कडा थिइन् । पछि उनी नायिका भएपछि हामीले ‘तृष्णा’ र ‘सपना’ गरी दुई फिल्ममा सँगै काम गर्‍यौं । ‘तृष्णा’मा उनले विवाहित महिलाको भूमिका निर्वाह गरेकी थिइन् भने ‘सपना’मा ‘सुन्दरीको मनमा बस्ने को होला…’ गीतमा पाहुना कलाकारका रूपमा नाचेकी थिइन् ।

उनले उज्ज्वल मैनालीसँग विवाह गरिन् । उज्ज्वल नेपाली चलचित्र जगत्का पुराना प्रोडक्सन कन्ट्रोलर गौरीकान्त मैनालीका सुपुत्र हुन् । पञ्चायतकालमा पोखरामा बलात्कारपछि हत्या गरिएका दुई दिदीबहिनी नमिता र सुमिता भण्डारीको दर्दनाक घटनालाई लिएर उनले एउटा प्यारोडी गीत रचेका थिए–

रक एन्ड रोल, राँगाको मासु पोल
पोखराको बजारमा कति राम्रो सिन
सिन हेर्न गएका केटी अहिले कहाँ छिन् ?

यो गीतमा उनीसँगै तैयब शाह र विजय शर्मा नाच्थे । उज्ज्वलको अर्को चर्चित गीत थियो- ‘मेरो घरको पल्लो छेउमा एउटी सान्नानी, हेर्छे मलाई आँखा तानी तानी… ।’

पछि उज्ज्वल जापान गए । जापानबाट फर्किएपछि मैले उसलाई फिल्ममा हिरो खेल्न प्रस्ताव गरेँ, तर उसले मानेन । बरु पछि हिट हिरोइनसँगै विवाह गर्‍यो ।

कृष्टिले ‘युगदेखि युगसम्म’, ‘चिनो’, ‘अधिकार’, ‘गोपीकृष्ण’जस्ता कैयौं सफल फिल्महरूमा अभिनय गरिन् । संयोग कस्तो भने, ‘भाग्यरेखा’बाट निकालिएका राजेश हमाल र कृष्टि केसी ‘युगदेखि युगसम्म’बाट पुनः सँगै पर्दामा आए र अत्यन्तै सफल भए । पर्दामा उनीहरूको जोडीलाई निकै रुचाइए पनि उनीहरूबीच आपसमा कहिल्यै सुमधुर सम्बन्ध रहेन ।

चर्चाको शिखरमा छँदा नै कृष्टि अमेरिका गइन् र फर्केर आइनन् । अमेरिकामा उनीहरू निकै एकान्त र गोप्य जीवन बिताइरहेका छन् ।

# ९ अर्बमा निर्माण भएको राहुघाट जलविद्युत् आयोजना राष्ट्रिय प्रसारणमा जोडियो

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ असोज



नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगंगा हाइड्रोपावर लिमिटेडले म्याग्दीमा निर्माण गरेको ४० मेगावाटको राहुघाट जलविद्युत् आयोजना राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको छ । रघुगंगा गाउँपालिकामा निर्माण भएको आयोजनाका २०/२० मेगावाट क्षमताका दुईवटा युनिटबाट विद्युत् उत्पादन सुरु गरी बुधबारदेखि राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको हो ।

आयोजनाबाट उत्पादित विद्युत् कालीगण्डकी करिडोर २२० केभी प्रसारण लाइनमार्फत राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह गरिएको छ । आयोजना र नेपाल विद्युत् प्राधिकरणबीच भएको विद्युत् खरिद-बिक्री सम्झौताअनुसार अब परीक्षण उत्पादन घोषणा गरिनेछ परीक्षण उत्पादन १५ दिनसम्म सफलतापूर्वक सम्पन्न भएपछि आयोजनाबाट व्यावसायिक विद्युत् उत्पादन सुरु हुनेछ ।

प्राधिकरणका कार्यकारी निर्देशक एवं रघुगंगा हाइड्रोपावर लिमिटेडका सञ्चालक समितिका अध्यक्ष दीर्घायुकुमार श्रेष्ठले कमजोर तथा जटिल भौगोलिक अवस्था, कोभिड-१९ महामारी, बाढीलगायतका चुनौतीका बाबजुद निरन्तरको प्रयासबाट आयोजना निर्माण सम्पन्न गरिएको बताए ।

उनले विद्युत्को उच्च माग हुने साँझको समयमा (पिक) दैनिक दैनिक चार घण्टा पूर्ण क्षमतामा सञ्चालन गर्न सकिने भएकाले सुक्खायाममा विद्युत् माग व्यवस्थापनमा आयोजनाले महत्त्वपूर्ण योगदान पुऱ्याउने उल्लेख गरे । आयोजनाबाट वार्षिक २४ करोड ७९ लाख युनिट विद्युत् उत्पादन हुनेछ । कुल वार्षिक ऊर्जामध्ये करिब ३४ प्रतिशत विद्युत् सुक्खायाममा उत्पादन हुनेछ । निर्माण अवधिको ब्याजबाहेक आयोजनाको अनुमानित लागत ९ अर्ब १७ करोड रुपैयाँ रहेको छ । आयोजनामा नेपाल सरकार तथा नेपाल विद्युत् प्राधिकरण लगानी र भारतको एक्जिम बैंकको लाइन अफ क्रेडिटअन्तर्गत प्राप्त सहुलियतपूर्ण ऋणबाट वित्तीय व्यवस्थापन गरिएको हो ।

आयोजनाको सिभिल संरचना तथा हाइड्रोमेकानिकल कार्य इन्जिनियरिङ, खरिद तथा निर्माण (इपिसी) ढाँचामा गर्न जयप्रकाश एसोसिएट्स लिमिटेड, भारतसँग ५ मंसिर २०७४ मा ठेक्का सम्झौता गरिएको थियो । उक्त सम्झौता १० जेठ २०७५ देखि कार्यान्वयनमा आएको थियो । इलेक्ट्रोमेकानिकल कार्यका लागि भारत हेभी इलेक्ट्रिकल लिमिटेडसँग २८ असोज २०७६ मा ठेक्का सम्झौता गरिएको थियो भने उक्त सम्झौता १८ मंसिर २०७६ देखि कार्यान्वयनमा आएको थियो । आयोजनाको निर्माण सुपरीवेक्षण वाप्कोस लिमिटेड, भारतले गरेको हो ।

सुरुमा नेपाल विद्युत् प्राधिकरण आफैंले निर्माण सुरु गरेको राहुघाट जलविद्युत् आयोजनाको प्रारम्भिक क्षमता ३२ मेगावाट थियो । निर्माणका क्रममा निर्माण व्यवसायीको कमजोर कार्यसम्पादन देखिएपछि ठेक्का रद्द गरिएको थियो । त्यसपछि आयोजनाको क्षमता बढाएर ४० मेगावाट कायम गरी प्राधिकरणको सहायक कम्पनीमार्फत कम्पनी मोडेलमा निर्माण गर्ने निर्णय गरिएको थियो । सोहीअनुसार नयाँ ठेक्का सम्झौतामार्फत आयोजना निर्माण अघि बढाइएको थियो ।

# छुजुङ खोला जलविद्युत् आयोजना बनाउन जुट्यो लगानी



**काठमाडौं/मस–** संखुवासभाको भोटखोला गाउँपालिका-२ मा निर्माणाधीन ६३ मेगावाट क्षमताको छुजुङ खोला अर्धजलासय (पिआरओआर) जलविद्युत् आयोजनालाई लगानी जुटेको छ । सांग्रिला ऊर्जा लिमिटेडले निर्माण थालेको उक्त आयोजनामा माछापुच्छ्रे बैंकको अगुवाइमा आधा दर्जन बैंक तथा वित्तीय संस्थाबीच सहवित्तीयकरण ऋण सम्झौता भएको हो । सम्झौताअनुसार आयोजनाका लागि बैंक तथा वित्तीय संस्थाले कुल ९ अर्ब रुपैयाँ ऋण लगानी गर्ने भएका छन् । बाँकी ३ अर्ब रुपैयाँ घलेम्ली हाइड्रो लिमिटेडलगायत अन्य संस्थापकको स्वपुँजी (इक्विटी) लगानी हुने भएको छ । सहवित्तीयकरणमा माछापुच्छ्रे बैंक अगुवा बैंकका रूपमा रहेको छ भने प्रभु बैंक र लुम्बिनी विकास बैंक सह-अगुवा बैंकका रूपमा सहभागी छन् ।

त्यस्तै, मुक्तिनाथ विकास बैंक, एनआइसी एसिया बैंक र सांग्रिला डेभलपमेन्ट बैंक सदस्य बैंकका रूपमा सहभागी छन् । आयोजनाको कुल अनुमानित लागत १२ अर्ब रुपैयाँ रहेको छ । यसमध्ये ९ अर्ब रुपैयाँ बैंक तथा वित्तीय संस्थाको ऋण र बाँकी ३ अर्ब रुपैयाँ संस्थापकको इक्विटीबाट लगानी जुटाइएको छ । आयोजनाको प्रतिमेगावाट लागत १९ करोड रुपैयाँ पर्ने अनुमान गरिएको छ । प्रतिमेगावाट लागतका हिसाबले आयोजना सस्तो देखिएको छ । नेपाल विद्युत् प्राधिकरणसँग विद्युत् खरिद सम्झौता (पिपिए) भइसकेको छ । आयोजनाबाट वार्षिक ३७ करोड १८ लाख युनिट ऊर्जा उत्पादन हुने कम्पनीले गरेको सम्भाव्यता अध्ययनले देखाएको छ ।

# हिमालयन बैंक र एससिटीबीच स्मार्टपे सम्झौता



**काठमाडौं/मस–** हिमालयन बैंक लिमिटेड र स्मार्ट च्वाइस टेक्नोलोजिज लिमिटेड (एससिटी) बीच स्मार्टपे आइबिएफटी सेवा सञ्चालन तथा सहकार्यसम्बन्धी सम्झौता भएको छ ।

सम्झौतासँगै हिमालयन बैंक एससिटीको स्मार्टपे सञ्जालमा आबद्ध भएको छ । बैंकले अब स्मार्टपे आइबिएफटीमार्फत अन्तरबैंक रकम स्थानान्तरण सेवा सञ्चालन गर्नेछ । यसबाट बैंकका ग्राहकले विभिन्न बैंक तथा वित्तीय संस्थामा रहेका खाताबीच सहज, सुरक्षित र प्रभावकारी रूपमा रकम स्थानान्तरण गर्न थप सुविधा पाउने अपेक्षा गरिएको छ । एससिटीले विकास तथा सञ्चालन गर्दै आएको स्मार्टपे आइबिएफटी अन्तरबैंक रकम स्थानान्तरणसम्बन्धी सेवा हो । यसले सहभागी बैंक तथा वित्तीय संस्था, वालेट र विप्रेषण कम्पनीबीच डिजिटल माध्यमबाट रकम स्थानान्तरणलाई सहजीकरण गर्दै आएको छ ।

स्मार्टपे सञ्जालले विभिन्न वित्तीय सेवा तथा संस्थाबीच अन्तरआबद्धता कायम गर्दै नेपालको डिजिटल भुक्तानी प्रणालीलाई थप सुदृढ बनाउन तथा वित्तीय पहुँच विस्तारमा सहयोग पुऱ्याउँदै आएको एससिटीले जनाएको छ । नेपाल राष्ट्र बैंकबाट भुक्तानी प्रणाली सञ्चालकको अनुमति प्राप्त एससिटी नेपालमा पहिलो स्वदेशी कार्ड 'एससिटी कार्ड' सुरुवात गर्ने संस्था हो । संस्थाले हाल विभिन्न बैंक तथा वित्तीय संस्था, वालेट कम्पनी, विप्रेषण कम्पनी र सहकारी संस्थालगायतका संस्थालाई समेटेर निर्माण गरिएको सञ्जालमार्फत विभिन्न डिजिटल भुक्तानी सेवा सञ्चालन गर्दै आएको छ ।

# चाडपर्वलक्षित अग्रिम टिकट खुलाउने तयारी

## प्राथमिकतामा अनलाइन बुकिङ



**काठमाडौं/मस–** नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले चाडपर्वलाई लक्षित गर्दै सार्वजनिक यातायात व्यवस्थापनका लागि अनलाइन बस टिकट बुकिङलाई प्राथमिकता दिने भएको छ । महासंघका महासचिव डेकनाथ गौतमले चाडपर्वका समयमा सार्वजनिक यातायात व्यवस्थापनलाई सहज, सुरक्षित र व्यवस्थित बनाउन उक्त निर्देशन जारी गरेका हुन् । देशभर भारी वर्षा तथा बाढीपहिरोको जोखिम रहेको अवस्थालाई मध्यनजर गर्दै यात्रुको सुरक्षा, सहज आवागमन र सार्वजनिक यातायात सञ्चालनलाई व्यवस्थित बनाउन सो निर्देशन दिएको हो । महासंघले यातायात व्यवस्था विभाग, नेपाल प्रहरी, ट्राफिक प्रहरी, ल्होत्से बहुउद्देश्यीय प्रालि तथा सम्बन्धित उपभोक्ता संस्थासँग सहकार्य गरी प्रभावकारी अनुगमन गर्न आग्रह गरेको छ । महासचिव गौतमले चाडपर्वका समयमा सार्वजनिक यातायातमा अग्रिम टिकट बुकिङको व्यवस्था मिलाउनुका साथै टिकट बिक्रीमा अनलाइन बुकिङलाई प्राथमिकता दिन यात्रुको परिचय खुल्ने विवरणसहितको चलानी लिएर मात्र सवारीसाधन सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको बताए ।

यस्तै, उपत्यकाबाट बाहिरिने र उपत्यकामा भित्रिने यात्रुवाहक सवारीसाधनको प्रभावकारी अनुगमन गर्न सम्बन्धित निकायसँग समन्वय गर्ने, यातायात व्यवसायी, कम्पनी तथा संस्थाले टिकट जारी गर्ने कर्मचारीका लागि अनिवार्य परिचयपत्रको व्यवस्था गर्नुपर्ने महासंघले जनाएको छ । महासंघले अनधिकृत काउन्टर, परिचयपत्र तथा पोसाक नलगाएका व्यक्तिबाट टिकट बिक्री गर्ने कार्यलाई नियन्त्रण गर्न पनि निर्देशन दिएको छ । सार्वजनिक सवारीसाधनमा यात्रा गर्दा यात्रुले अनिवार्य टिकट लिएर मात्र यात्रा गर्नुपर्ने, मादक पदार्थ सेवन गरी यात्रा गरेमा कारबाही गर्नुपर्ने तथा आधिकारिक काउन्टर वा परिचयपत्र भएका कर्मचारीबाट मात्रै टिकट लिनुपर्नेमा जोड दिइएको छ ।

सवारीचालक तथा कर्मचारीले नेपाल सरकारले तोकेको मापदण्ड पूरा गरेको स्थानमा मात्रै यात्रुलाई खाना तथा खाजा खुवाउने व्यवस्था मिलाउनुपर्ने, बाढीपहिरो तथा सडक अवरोधको सम्भावनालाई ध्यान दिँदै मुख्य सडक तथा राजमार्गको निरन्तर निरीक्षण, आवश्यक मर्मतसम्भार र पहिरो नियन्त्रणका कामलाई प्राथमिकता दिन महासंघले सरकारलाई आग्रह गरेको छ ।

चाडपर्वका अवधिमा आवश्यक सवारीसाधनको व्यवस्था यातायात व्यवसायीले गर्ने, यात्रुवाहक सवारीको रुट परमिट खुला गर्ने, अग्रिम टिकट बुकिङ तथा ठुला सवारीसाधनको आवतजावतबारे सरोकारवालासँग छलफल गरी सूचना जारी गर्ने तयारी भइरहेको व्यवसायीले बताएका छन् ।

# होन्डाले ल्यायो 'फेस्टिभ अफर होन्डाको सफर' कार किन्दा १० लाखसम्मको छुट




**काठमाडौं/मस–** दसैं, तिहार तथा छठ पर्वको अवसर पारेर नेपालका लागि होन्डा कारको आधिकारिक वितरक स्याकार ट्रेडिङ कम्पनीले आफ्ना ग्राहकहरूका लागि 'फेस्टिभ अफर होन्डाको सफर' नामक विशेष र आकर्षक योजना सार्वजनिक गरेको छ । ग्राहकहरूको चाडपर्वलाई अझै विशेष र खुसियालीपूर्ण बनाउने उद्देश्यका साथ कम्पनीले यो योजना बजारमा ल्याएको हो । जसमा ग्राहकहरूले होन्डाको नयाँ कार खरिद गर्दा १० लाख रुपैयाँसम्मको आकर्षक नगद छुट प्राप्त गर्न सक्नेछन् । साथै, यस अफरअन्तर्गत ग्राहकहरूको थप सुविधालाई ध्यानमा राख्दै नयाँ कार खरिदमा १ आर्थिक वर्षको लागि सडक कर र १ आर्थिक वर्षकै लागि पूर्ण बिमा पूर्ण रूपमा निःशुल्क उपलब्ध गराइएको छ ।

गाडी खरिदपछिको ग्राहक अनुभवलाई अझै उत्कृष्ट र झन्झटमुक्त बनाउन कम्पनीले ५ वर्षसम्मको लागि निःशुल्क सर्भिसिङ र १ वर्षको लागि निःशुल्क सडक सहायताको विशेष व्यवस्था समेत गरेको छ । त्यसैगरी, पुरानो गाडी साटेर नयाँ होन्डा कार लिन चाहने ग्राहकका लागि सजिलो तथा अन-द-स्पट एक्सचेन्ज सुविधाका साथै आकर्षक एक्सचेन्ज बोनसको समेत व्यवस्था यस योजनामा गरिएको छ । नयाँ गाडी खरिदलाई आर्थिक रूपले थप सहज बनाउन स्याकार हायर पर्चेज र एनआइसी एसिया बैंकसँगको सहकार्यमा आकर्षक र निकै कम ब्याजदरमा सजिलो फाइनान्सिङको सुविधा पनि यस अफरमा समावेश गरिएको छ । 'फेस्टिभ अफर होन्डाको सफर' छठ पूजासम्म देशभरका होन्डा कार सोरुमहरूमा लागू हुनेछ । 'ड्राइभ अ ब्राइटर टुमरो' भन्ने नाराका साथ ल्याइएको यस अफरमार्फत होन्डाका उत्कृष्ट कारहरू (होन्डा सिआर-भी, इलिभेट, सिटी, सिटी इ-एचइभी) छुट र सुविधा प्राप्त गर्न सकिने कम्पनीले जनाएको छ ।

# स्याकार ट्रेडिङ र एनआइसी एसिया बैंकबीच सहुलियत अटो लोन सम्झौता




**काठमाडौं/मस–** नेपालका लागि कारको आधिकारिक वितरक स्याकार ट्रेडिङ कम्पनी प्रा. लि. र एनआइसी एसिया बैंकबीच होन्डाका ग्राहकहरूलाई सहुलियतपूर्ण अटो लोन उपलब्ध गराउनेसम्बन्धी सम्झौता भएको छ । सहकार्यको मुख्य उद्देश्य ग्राहकलाई नयाँ होन्डा गाडी खरिद गर्न आर्थिक रूपले सहज बनाउनु रहेको कम्पनीले जनाएको छ । सम्झौताअनुसार, एनआइसी एसिया बैंकले होन्डाका ग्राहकहरूलाई आकर्षक तथा कम ब्याजदरमा सजिलो फाइनान्सिङ (सवारी कर्जा) को सुविधा प्रदान गर्नेछ । यस सुविधाअन्तर्गत ग्राहकहरूले कर्जाका लागि आवश्यक सम्पूर्ण कागजात बुझाएको ६ कार्यदिन भित्रमा नै लोन प्रक्रिया पूरा गरिने प्रतिबद्धता कम्पनीले जनाएको छ ।

यो सजिलो फाइनान्सिङ सुविधा होन्डाका उत्कृष्ट तथा लोकप्रिय मोडलहरू जस्तै : होन्डा सिआर-भी, सिटी ईःएचइभी, फिफ्थ जेन सिटी र एलिभेटलगायत गाडीहरू खरिद गर्न चाहने ग्राहकका लागि उपलब्ध हुनेछ । उक्त सम्झौतापत्रमा एनआइसी एसिया बैंकको तर्फबाट चिफ बिजनेस अफिसर अमित के.सी. र हेड-मोर्ट्गेज बैंकिङ एन्ड अटो लोन दीपक आचार्य तथा स्याकार ट्रेडिङ कम्पनी (होन्डा कार)को तर्फबाट प्रबन्ध निर्देशक सृजना शाक्य ज्योतिले हस्ताक्षर गरे । यस सम्झौताले ग्राहकहरूको नयाँ होन्डा कार चढ्ने सपनालाई सरल र छिटो छरितो रूपमा साकार पार्न मद्दत पुग्ने दुवै संस्थाले विश्वास लिएका छन् ।

# एनसेलले गत वर्ष तिऱ्यो १७ अर्ब २४ करोड कर

**काठमाडौं/मस–** एनसेलले गत आर्थिक वर्ष २०८२/८३ मा कर तथा विभिन्न शुल्कबापत सरकारलाई १७ अर्ब २४ करोड भुक्तानी गरेको छ । सूचना तथा सञ्चार प्रविधि (आइसिटी) क्षेत्रअन्तर्गत नेपालमा सबैभन्दा बढी कर तिर्नेमध्येको एक कम्पनीका रूपमा एनसेललाई चिनिन्छ । एनसेलका अनुसार, कम्पनीले गत आर्थिक वर्ष सरकारलाई कुल १७ अर्ब २४ करोड ४६ लाख २३ हजार ८८१ रुपैयाँ भुक्तानी गरेको हो । कुल भुक्तानीमध्ये ३.२९ अर्ब रुपैयाँ जिएसएम मोबाइल लाइसेन्स नवीकरण शुल्क किस्ता, २ लाख ७० हजार रुपैयाँ इन्टरनेट सेवाप्रदायक लाइसेन्स नवीकरण शुल्क र १.०१ अर्ब रुपैयाँ भन्सार महसुलबापत भुक्तानी गरेको छ । त्यस्तै, कम्पनीले १.२९ अर्ब रुपैयाँ रोयल्टी र १.९६ अर्ब रुपैयाँ फ्रिक्वेन्सी शुल्कबापत सरकारलाई तिरेको छ । बिक्रीमा लाग्ने मूल्य अभिवृद्धि कर बापत २.६३ अर्ब रुपैयाँ तथा स्रोतमा कर कट्टी बापत ९८.८५ करोड रुपैयाँ भुक्तानी गरिएको छ । त्यस्तै, एनसेलले ग्रामीण दूरसञ्चार विकास कोषमा ६४.९६ करोड रुपैयाँ योगदान गरेको छ । सरकारको नीतिअनुसार, दूरसञ्चार विकास कोषमा संकलित रकम डिजिटल कनेक्टिभिटी विस्तार, दूरसञ्चार पूर्वाधार सुदृढीकरण तथा सहरी र ग्रामीण समुदायबीचको डिजिटल विभाजन कम गर्न प्रयोग गर्ने उद्देश्य राखिएको एनसेलले जनाएको छ ।

गत वर्ष वैशाखमा नेपाल सरकारले कर भुक्तानीका आधारमा देशको सूचना तथा सञ्चार प्रविधि (आइसिटी) क्षेत्रको सबैभन्दा धेरै आयकर तिर्ने करदाताका रूपमा एनसेललाई सम्मान गरेको थियो । एनसेल हरेक वर्ष धेरै कर तिर्ने ठुला करदाता कम्पनीको सूचीमा रहेको छ । एनसेलले स्थापनाकालदेखि गत आव २०८२/८३ सम्ममा सरकारलाई विभिन्न कर तथा शुल्क शीर्षकमा झन्डै ३ खर्ब ७५ अर्ब कर तथा शुल्क तिरेको कम्पनीले जनाएको छ ।

# स्याक्म्यानका एक्स–५००० ई विद्युतीय ट्र्याक्टर र डम्प ट्रक नेपाल आउँदै




**काठमाडौं/मस–** शंकर ग्रुपअन्तर्गतको जगदम्बा मोटर्सले चीनको व्यावसायिक सवारीसाधन निर्माता स्याक्म्यानका एक्स-५००० ई ६x४ विद्युतीय ट्र्याक्टर र एक्स-५००० ई ६x४ विद्युतीय डम्प ट्रक नेपाल भित्र्याउने भएको छ । भारी तथा व्यावसायिक सवारीसाधनमा विद्युतीय प्रविधिको प्रयोग विस्तार गर्ने उद्देश्यसहित कम्पनीले यी दुई मोडल नेपाली बजारमा ल्याउन लागेको हो । नेपालमा विद्युतीय सवारीसाधनको प्रयोग यात्रुवाहक तथा हलुका व्यावसायिक सवारीसाधनबाट क्रमशः भारी सवारीसाधनतर्फ पनि विस्तार भइरहेको अवस्थामा कम्पनीले नयाँ मोडल ल्याउन लागेको जनाएको छ । एक्स-५००० ई विद्युतीय ट्र्याक्टर भारी सामान ढुवानी तथा व्यावसायिक यातायातका लागि लक्षित छ । त्यस्तै, विद्युतीय डम्प ट्रक निर्माण, खानी तथा कठिन भौगोलिक क्षेत्रमा हुने कामका लागि डिजाइन गरिएको कम्पनीले जनाएको छ । दुवै मोडलमा स्याक्म्यानको विद्युतीय शक्ति प्रणाली, छिटो चार्ज गर्न सकिने सुविधा तथा स्मार्ट नियन्त्रण र ब्याट्री व्यवस्थापन प्रणाली रहेको जनाइएको छ ।

# निप्पोन फर्मास्युटिकलले सर्वसाधारणका लागि आइपिओ निष्कासन गर्ने



**मोरङ/मस–** विराटनगरमा अवस्थित निप्पोन फर्मास्युटिकल लिमिटेडले सर्वसाधारणका लागि प्राथमिक सेयर (आइपिओ) निष्कासन गर्ने भएको छ । आइपिओ निष्कासन तथा बिक्री व्यवस्थापनका लागि कम्पनीले नबिल इन्भेस्टमेन्ट बैंकिङ लिमिटेडलाई सेयर निष्कासन तथा बिक्री प्रबन्धक नियुक्त गरेको छ । यससम्बन्धी सम्झौतापत्रमा निप्पोन फर्मास्युटिकलका तर्फबाट प्रबन्ध निर्देशक मन्टु घिमिरे र नबिल इन्भेस्टमेन्ट बैंकिङका तर्फबाट प्रमुख कार्यकारी अधिकृत मनीषनारायण जोशीले हस्ताक्षर गरे । कम्पनीका अनुसार निप्पोन फर्मास्युटिकल अन्तर राष्ट्रिय गुणस्तर मापदण्डअनुरूप विभिन्न प्रकारका औषधि उत्पादन गर्ने फर्मास्युटिकल कम्पनी हो । कम्पनीले ट्याब्लेट, क्याप्सुल, तरल औषधि, मलम, क्रिम, जेल, ओआरएस, ड्राइ सिरप तथा पेनिसिलिनलगायत औषधि उत्पादन गर्दै आएको छ । निप्पोन फर्मास्युटिकलको विधिवत् दर्ता सन् २००६ मा भएको थियो भने उद्योग स्थापना सन् २०१७ मा गरिएको कम्पनीले जनाएको छ । स्थापना भएको पाँच वर्षपछि सन् २०२२ देखि कम्पनीले व्यावसायिक उत्पादन तथा मार्केटिङ सुरु गरेको थियो । कम्पनीका अनुसार व्यावसायिक उत्पादन तथा बजारीकरण सुरु गरेको चार वर्षको अवधिमा विभिन्न थेराप्युटिक सेगमेन्टका ६० भन्दा बढी उत्पादन बजारमा ल्याउन सफल भएको छ ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**